का.जि.प्र.का.द.नं. १००/०५९/६०

३० वैशाख २०८०,
शनिबार
13 May 2023,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १०७ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

# इपिसेन्टरमा प्रचण्ड

शेरबहादुर देउवा सशंकित छन् । केपी शर्मा ओली निरन्तर संवादमा छन् । माधव कुमार नेपाल, रवि लामिछाने, राजेन्द्र लिङ्देनलगायतका नेताहरुले निरन्तर नक्कली भुटानी शरणार्थी प्रकरणलाई टुंगोमा पुऱ्याउने खबरदारी गरिरहेका छन् ।





प्रधानमन्त्री प्रचण्डमा विश्वास देखेको छु । मुलुकमा सुशासन कायम गर्ने अभियानमा रहँदा सरकार ढाल्न खोजिए वा कुनै प्रकारको समस्या भए सरकारलाई समर्थन गर्न रास्वपा तयार हुने सन्देश प्रधानमन्त्रीलाई दिएको छु ।

■ **रवि लामिछाने**
सभापति, रास्वपा



विगतका ठुल्ठूला भ्रष्टाचार काण्डका फाइलहरु खोल्न र २०४६ पछिका सबै उच्च पदस्थ नेता कर्मचारीको सम्पति छानबिन गरियोस् । छानबिनमा दोषीलाई उम्काउन खोज्ने चलखेलकाविरुद्ध राप्रपा सदन र सडकबाट आन्दोलन गर्न तयार छ ।

■ **राजेन्द्र लिङ्देन**
अध्यक्ष, राप्रपा

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ वैशाख ।

शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संसदमा रहेका कांग्रेस र एमाले बाहेकका दलका शीर्ष नेताहरुसँग भेटे । यसअघि उनले निरन्तर कांग्रेस र एमालेका शीर्ष नेताहरुसँग भेटेका थिए । शुक्रबार पनि दुवै दलका दोस्रो तहका नेताहरुसँग संवाद गरे ।

सबैको चासो प्रधानमन्त्री प्रचण्ड सत्ता संचालन कुन रुपमा गर्न खोज्दैछन् र नक्कली भुटानी शरणार्थी प्रकरण कुन रुपमा अगाडि बढ्छ र यसको निरुपण कसरी हुन्छ भन्नेमा केन्द्रित छ ।

शुक्रबार राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) अध्यक्ष राजेन्द्र लिङ्देन लगायतका नेताहरुले सिंहदरबारमा प्रधानमन्त्री प्रचण्डलाई भेटेर ज्ञापन पत्र बुझाउँदै नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न जोसुकैलाई कारबाहीको दायरामा ल्याउन माग गरे । अध्यक्ष लिङदेनले प्रधानमन्त्री बुझाएको ज्ञापनपत्रमा भनिएको छ, 'राष्ट्रिय प्रजातन्त्र पार्टी यस प्रकरणलाई कुनै पनि कुनै पनि बाहानामा लम्ब्याएर अलपत्र पार्ने कोशिसको विरुद्धमा छ । तसर्थ अहिलेको छानबिन कार्यलाई निरन्तरता दिँदै नेपाल प्रहरीलाई स्वतन्त्र, निष्पक्ष र दवावरहित वातावरणमा काम गर्न दिन र जोसुकैलाई कारबाहीको दायरामा ल्याउन राष्ट्रिय प्रजातन्त्र पार्टी जोडदार माग गर्दछ ।'

राप्रपाले 'छानबिनमा दोषीलाई उम्काउन खोज्ने कुनै पनि योजना र चलखेलविरुद्ध सदन र सडकबाट आन्दोलन गर्न >>> पृष्ठ २ मा

उच्च ओहोदाका कुनै पनि व्यक्तिसँगको भेटघाटले नक्कली भुटानी शरणार्थी प्रकरण प्रभावित नहोस् ।



■ **गगन थापा**
महामन्त्री, कांग्रेस

■ मदिरा तथा सुर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन् ।
■ यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं ।
■ मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ ।
■ जनस्वास्थ्य सम्बन्धी कानूनको पूर्णरुपमा पालना गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

# सरकारी निकायका कर्मचारी नै आन्दोलनमा

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २९ वैशाख ।

कर्मचारीलाई विरोध, जुलुस, हड्ताल र आन्दोलन गर्न निजामती सेवा ऐन २०४९ ले रोकेको भएपनि निजामती, विभिन्न संस्थानका कर्मचारी र शिक्षकहरु पालैसित आन्दोलित हुन थालेका छन् । गत हप्तामात्रै सिंहदरबारमा निजामती कर्मचारीलाई प्रवेशमा रोक लगाउने र काम गर्न नदिने भन्दै ट्रेड युनियनहरुले सूचना पनि जारी गरेर आन्दोलनको घोषणा गरे । संघीय निजामती ऐन तत्काल जारी गर्न माग गर्दै आन्दोलित बनेका कर्मचारी संगठनले अहिलेपनि विरोधका कार्यक्रम स्थिगित मात्रै गरेका छन् ।

'पाँच वर्षदेखि निजामती सेवामा कानुन संशोधन नहुँदा पदपूर्ति, सरुवा लगायतका काम डामाडोल अवस्थामा छ । त्यहाँ बेथितिको अवस्था छ, तसर्थ अब कर्मचारी आन्दोलित हुने भन्दापनि ऐन छिट्टै जारी गर्नुपर्ने देखिन्छ,' प्रशासनविद् भीमदेव भट्टले भने । उनले मूलुकको कर्मचारीतन्त्र निष्पक्ष, तटस्थ र योग्यतामा आधारित हुनुपर्ने बताएका छन् । ट्रेड युनियनलाई दिएको असीमित अधिकारको फाइदा उठाएर कर्मचारीतन्त्रको मनलाग्दी हावी भएको कतिपयको बुझाई छ ।

निजामती कर्मचारी मात्रै होईन, शिक्षक तथा विश्वविद्यालयका प्राध्यापकहरु पनि पटकपटक आन्दोलित हुँदै आएका छन् । नेपाल शिक्षक महासंघ राष्ट्रिय समितिले शुक्रबार मात्रै संघीय शिक्षा ऐन जारी गर्न माग गर्दै काठमाडौंमा प्रदर्शन गरेको छ । सरकारले संघीय शिक्षा ऐन जारी गर्न ढिलाइ गरेपछि खबरदारीस्वरुप विरोधमा उत्रिएको उनीहरुको भनाई छ । शिक्षामा कूल बजेटको कम्तीमा २० प्रतिशत लगानी गरिनुपर्ने, बालशिक्षा शिक्षकलाई प्राथमिक तृतीय सरह तलबभत्ता दिनुपर्ने, संघीय शिक्षा ऐन अबिलम्ब जारी गर्नुपर्ने, ग्रेड र >>> पृष्ठ २ मा

# मिनी संसदले पाएन नेतृत्व

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २९ वैशाख ।

गत वैशाख १५ गते प्रतिनिधिसभाले संसदीय विषयगत समिति गठन गरेको थियो । प्रतिनिधिसभाले गन गरेको १० वटा विषयगत समितिले नेतृत्व भने अझै पाउन सकेको छैन् । समिति सभापति चयनको प्रक्रिया नै सुरु भएको छैन ।

संघीय संसद सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार संसदीय विषयगत समितिको सभापतिको निर्वाचनको प्रक्रिया अगाडि बढेको छैन् । उनी भन्छन्, 'सभापतिको निर्वाचन सभाबाटै जानकारी गराउने अभ्यास छ । तर यसपटक अधिवेशन नै अन्त्य भएकाले सभामुखले सूचना निकालेर सभापतिको निर्वाचन गराउन सक्ने विकल्प पनि रहन सक्छ ।'

कुन विकल्पमा गएर सभापतिको निर्वाचन गर्ने भन्ने तय नभएको प्रवक्ता गिरीले जानकारी दिए । प्रतिनिधिसभाबाटै संसदीय समितिको सभापति निर्वाचन गर्ने विकल्पमा जाँदा संसदको अर्को अधिवेशन कुर्नुपर्ने हुन्छ ।

प्रतिनिधि सभामा १० वटा विषयगत समिति छन् । प्रतिनिधि सभा र राष्ट्रिय सभाका संयुक्त समिति दुई वटा छन् ।



प्रतिनिधिसभा नियमावली २०७९ अनुसार प्रतिनिधिसभाको विषयगत समिति अन्तर्गत अर्थ समिति, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति, कानुन, न्याय तथा मानव अधिकार समिति, कृषि, सहकारी तथा प्राकृतिक श्रोत समिति, महिला तथा सामाजिक मामिला समिति, राज्यव्यवस्था तथा सुशासन समिति, पूर्वाधार विकास समिति, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति र सार्वजनिक लेखा समिति छ ।

संयुक्त समिति अन्तर्गत संसदीय सुनुवाई समिति र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति छन् । यी दुवै संयुक्त समिति गठन भएको छैन् ।

प्रतिनिधिसभा नियमावलीले विषयगत समितिको क्षेत्राधिकार समेत तय गरेको छ । तय भएको कार्यक्षेत्र अनुसार अर्थ समितिले अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, लगानी बोर्ड, राष्ट्रिय योजना आयोग र सम्बद्ध विषय तथा निकायको काम कारबाहीको निगरानी गर्दछ ।

अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको कार्यक्षेत्रमा परराष्ट्र मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सम्बद्ध विषय तथा निकाय राखिएको छ ।

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, उपभोक्ता हित सम्बन्ध र सम्बद्ध विषय तथा निकाय हेर्नेछ ।

कानून, न्याय तथा मानव अधिकार समितिले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, न्याय परिषद्, न्याय सेवा आयोग, महान्यायाधिवक्ताको कार्यालय, मानव अधिकार, अन्तर्राष्ट्रिय सन्धि सम्झौता, शान्ति प्रक्रिया, मौलिक हकको कार्यान्वयनको अवस्था र सम्बद्ध विषय तथा निकाय हेर्नेछ ।

कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र सम्बद्ध विषय तथा निकाय हेर्ने गी कार्यक्षेत्र तय भएको छ ।

महिला तथा सामाजिक मामिला समितिले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोग, सामाजिक सुरक्षा, समावेशीता तथा सीमान्तकृत वर्ग समुदायको हक हित सम्बन्धी विषय र सम्बद्ध विषय तथा निकाय हेर्नेछ ।

राज्य व्यवस्था तथा सुशासन समितिको कार्यक्षेत्रभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, >>> पृष्ठ २ मा

## प्रेस विज्ञप्ति

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ व्यवसायी र श्रमिकको अहितमा हुने जुनसुकै प्रकारका नाममा खडा गरिने एकाधिकारका विरुद्धमा रहेको सम्पूर्ण व्यवसायीज्यूहरुलाई सर्वविदितै छ । संघ वैदेशिक रोजगारमा लागू गरिने एकाधिकारको विरोधमा रहेको व्यहोरा सम्बन्धित सबैलाई पुन: स्मरण गराइन्छ ।

वैदेशिक रोजगारका लागि नेपाली श्रमिकहरुको प्रमुख आकर्षक गन्तव्य मुलुक साउदी अरबमा विगत ३० वर्षदेखि सो मुलुकको विकास निर्माणमा नेपाली श्रमिकहरुले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको विषय यथार्थ हो । मिति ८ मे २०२३ मा साउदी दूतावासले नेपाल सरकार परराष्ट्र मन्त्रालयलाई सम्बोधन गरी पठाएको कूटनीतिक नोटका आधारमा मिति २०८० वैशाख २८ गते परराष्ट्र मन्त्रालयबाट यस संघलाई इमेलमार्फत पठाइएको पत्रानुसार साउदी अरब मुलुक प्रवेशका निम्ति सबै प्रकारका भिसा तथा यात्रासम्बन्धी अनुमति प्रदान गर्ने कार्य VFS Global Services Nepal ले सञ्चालन गर्ने भन्ने जानकारीका सम्बन्धमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

सो कूटनीतिक नोटमा Visa Center भनेर प्रष्ट खुलाइएको VFS Global Services Nepal भन्ने संस्था नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७९ अषाढ ९ गते दर्ता भएको देखिएकाले VFS को नाम दिई सरासर व्यवसायीलाई गुमराहमा राखी झुक्याउने खेलका साथै श्रमिकलाई थप आर्थिक भार पार्ने उद्देश्य राखेर खोलिएको संस्था हो भन्ने संघको बुझाइ छ ।

उक्त पत्रानुसार साउदी अरब मुलुकमा जान भिसा प्रक्रियाका लागि VFS Global Services Nepal खडा गरी उक्त Visa Center मार्फत कामदारका भिसा प्रक्रिया गर्ने भनिएको छ । कामदरसँग जोडिने हरेक विषयमा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग छलफल र स्वीकृति बिना खडा हुने भिसा सेन्टर, मेडिकल सेन्टरलगायतका संस्थाहरु यस संघलाई मान्य हुने छैन । यस विषयमा गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई ध्यानाकर्षण गराउँदै कुनै एक संस्थामार्फत एकाधिकार लागू गर्न खोजिएको खण्डमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघले कडा प्रतिवाद गर्ने सबैमा जानकारी गराउँदछौं ।

राजेन्द्र भण्डारी
अध्यक्ष

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
तिलगंगा-८, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८,९८०१०९७८८८२

## वैदेशिक रोजगार विशेष

### इटहरीको गल्ली गल्लीमा अवैध म्यानपावर अनुगमन आउँदा भागाभाग, पाँच वटामा ताला

**तेज बन/मध्यान्ह**
इटहरी, २९ वैशाख

सुनसरीको इटहरीस्थित विभिन्न म्यानपावर कम्पनीहरुको शाखामा वैदेशिक रोजगार विभागले शुक्रबार छड्के अनुगमन गरेको छ । सम्बन्धित निकायबाट अनुमति नै नलिई शाखा खोलेर व्यवसाय सञ्चालन गरेको मौखिक उजुरीको आधारमा विभागले अनुगमन गरेको हो ।

अनुगमनकै क्रममा विभागको टोलीले इटहरीको पाचँ वटा अवैध म्यानपावर शाखाहरुमा तालासमेत लगाएको छ । टोलीले महेश थापाद्वारा सञ्चालित एडभान्स म्यानपावर, विदुर गुरुङको वर्ल्ड एण्ड वर्ल्ड म्यानपावर, टिकाराम घिमिरेले सञ्चालन गरेको डिलक्स/परी म्यानपावर, मोभिरा एच आर ओभरसिज र >>> पृष्ठ २ मा



### कतारद्वारा करिब साढे १४ खर्बको परियोजना सार्वजनिक

**दोहा/मस–** कतारले यस वर्षभित्र सम्पन्न गर्ने गरी ४ अर्ब १० करोड कतारी रियाल (करिब साढे १४ खर्ब रुपैयाँ) लगानीका २२ वटा परियोजना सार्वजनिक गरेको छ । केही समयअघि विश्वकप फुटबलको महाकुम्भ सफलतापूर्वक सम्पन्न भएको कतारमा आर्थिक गतिविधिमा सुस्तता आइरहेको अवस्थामा ४ अर्ब १० करोड कतारी रियालका परियोजना सम्पन्न गर्ने सार्वजनिक भएको हो ।

कतारको सार्वजनिक निर्माण प्राधिकरण (असघल)लाई उद्धृत गर्दै यहाँको पत्रिका द पेनिन्सुला कतारले सम्पन्न गरिने २२ परियोजनामध्ये ६ वटा हाल सञ्चालनमा रहेको, १० वटा परियोजना सञ्चालन हुने प्रक्रियामा रहेको र अन्य ६ वटा परियोजना कतारी आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधिपछि सञ्चालन गरिने उल्लेख गरेको छ । >>> पृष्ठ २ मा

# ‘विकास निर्माणमा ध्यान नदिँदा कर्णाली पछाडि पऱ्यो’

ओबराज शाही/मध्यान्ह
हुम्ला, २९ वैशाख

कर्णाली प्रदेशका पूर्व मुख्यमन्त्री जीवनबहादुर शाहीले विकास निर्माणको गुणस्तरमा ध्यान नदिँदा नै कर्णाली पछाडि परेको बताएका छन् ।



शुक्रबार हुम्ला सदरमुकामसँगै जोडिएको खार्पुनाथ गाउँपालिकाको अनुगमन गर्दै उनले विकास निर्माण ध्यान दिन स्थानीय सरकारलाई आग्रह समेत गरे । अनुगमनको क्रममा शाहीले गाउँपालिकाको काम प्रति असन्तुष्टि समेत जनाए ।

‘विकास भनेको थोरै भएपनि राम्रो गर्नु हो, जुन निकायमा बजेट आएको हो, त्यसलाई प्राथमिकता दिनु मूल लक्ष्य हो’उनले भने, ‘विकाससँगै विनास बढी भएको देखिँदा विकास भएको अर्थ नै नभएको महसुस हुन थाल्यो ।’ खार्पु खण्डदेखि छारेसम्मको सडक भएपनि गाउँ-गाउँमा शाखा सडकले कर्णाली करिडोर सडकमा विनास भएको उनले बताए । शाखा सडक खन्दा कुन तरिकाले खनियो, विनास कम हुनेतर्फ नगइ मनपरी सडक खन्दा थप क्षति पुऱ्याएको उनले बताए । त्यस्तै बस्ती विस्तारको कार्यक्रममा परेका गाउँमा पनि पुरानै ठाउँमा घर बनाइएको भन्दै उनले यसलाई बस्ति विस्तार मान्न नसकिने बताए । खानेपानी, सिँचाई, शिक्षा, स्वास्थ्य जस्ता जटिल क्षेत्रमा पनि सोचे जस्तो नभएको उनले बताए । हरेक विकास गर्दा ठेक्का पट्टाबाट बनेको काम गतिलो नभएको र म्याद थप मात्र गरिएकाले त्यसमा सम्पूर्ण हुम्ली बासिले समयमै आफूलाई जानकारी दिन पनि उनले अनुरोध गरे । ठेक्का पट्टा गर्ने व्यक्तिले उदाहरण कर्णाली करिडोरको नेपाल आर्मीले बनाएको सडक हेर्न पनि आग्रह गरे । शाहीले बजेट मात्र दिएर केहि नहुने भन्दै अनुगमनमा क्वालेटी र क्वान्टिटी पूरा नभए बजेट पास नगर्न स्थानीय सरकारलाई आग्रह गरे ।

उनले भने, ‘कर्णाली पछि पर्नु भनेकै यस्ता विषयमा स्थानीय सरकार र वडा सरकारले ध्यान नदिएर बिग्रिएको हो । कर्णालीमा दुःख पनि छ, विकास निर्माणका सामग्री समयमा आउँदैनन् तर ढिला भएपनि काम पक्का गर्नुपर्छ ।’ कर्णाली करिडोर अन्तरगत पर्ने विभिन्न ठाउँमा पक्कि पुलको अवस्था देखेर अझै हुम्ला दुर्गमको पिडाबाट नहटेको उनले बताए । अनुगमनमा क्रममा प्रदेश समानुपातिक सांसद विजया बुढा, खार्पुनार्थ गाउँपालिका अध्यक्ष कर्ण रावल, नेपाली कांग्रेसका पूर्व जिल्ला सभापति जयपति रोकाया लगायत सहभागी थिए ।

# सात महिलासहित ५१ जनाले गरे रक्तदान

पवन जायसवाल/मध्यान्ह
बाँके, २९ वैशाख

जनमत अर्द्ध साप्ताहिक नेपालगन्ज र नेपाल स्वयंसेवी रक्तदाता समाज बाँके जिल्ला कार्यसमितिको संयुक्त आयोजनामा शुक्रबार त्रैमासिक रक्तदान कार्यक्रम सम्पन्न भएको छ । सो अवसरमा ७ महिलासहित ५१ जनाले रक्तदान गरेका छन् ।



कार्यक्रममा पत्रकार, व्यवसायी, शिक्षक, सशस्त्र प्रहरी, स्वास्थ्यकर्मी, शिक्षक, खेलाडी लगायत नियमित स्वयंसेवी रक्तदाताहरुले रक्तदान गरेका हुन् । चम्पालाल बोथरा, नेपाल स्वयम्सेवी रक्तदाता समाज केन्द्रीय सदस्य गोविन्द वाग्ले, नेपाल स्वयम्सेवी रक्तदाता समाज बाँकेकी अध्यक्ष दिला शाह र जनमत अर्द्ध साप्ताहिकका सम्पादक पूर्णलाल चुकेले संयुक्त रुपमा प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मी र प्राविधिक सुनिता कुमाईलाई रक्त संकलन गर्ने पाकेट हस्तान्तरण गरी कार्यक्रम शुरु गरिएको थियो ।

जनमतको रजत वर्ष-२०६३ देखि ‘रक्तदान जीवनदान’ को उद्देश्यका साथ नियमित रुपमा सञ्चालित ‘त्रैमासिक रक्तदान कार्यक्रम’ को ५६ औं श्रृङ्खलामा रक्तदान गर्नेहरुमा नेपाल स्वयंसेवी रक्तदाता समाजका केन्द्रीय सदस्य गोविन्द वाग्ले, प्रतिष्ठित उद्योगपति तथा समाजसेवी चम्पालाल बोथरा, नेपाल स्वयम्सेवी रक्तदाता समाज बाँके अध्यक्ष दिला शाह, उपाध्यक्ष मन बहादुर केसी ‘निशान’, समाजका कार्यसमिति सदस्य होमराज गिरी, अन्नपूर्ण पोष्ट दैनिकका प्रदेश प्रमुख तथा मेरो खुशी डट कमका सम्पादक शंकर प्रसाद खनाल, दैनिक नेपालगन्जका प्रधान सम्पादक झलक गैरे र दलित महिला संघ (फेडो) की प्रतिभा गुर्तालको जन्म दिन परेका अवसरमा रक्तदान गरेकी थिइन् ।

यस्तै नियमित रक्तदाताहरु निरजमान श्रेष्ठ, अवधी पत्रकार संघ नेपालका केन्द्रीय अध्यक्ष राकेश कुमार मिश्र, बाँके जिल्ला अध्यक्ष प्रहलाद विश्वकर्मा, राम सुहावन सोनकर, उर्दू साहित्यकार असफाक संघर्ष ताविस, स्मारिका श्रेष्ठ, स्वेता विष्ट, शिक्षक धर्मेन्द्र सिंह, राजीतराम यादव, जवाहरलाल वर्मा, रिसमान चौधरी, सञ्जय भण्डारी, राम गोपालकुर्मी, सञ्जय बढही, उद्धवराज गुरुङ, प्रितम केसी, जितेन्द्र राँढ, राजेश कुमार ओली, ओमकार वर्मा, गोविन्द नाउँ, विकास वर्मा, कञ्चन विसी, देवेन्द्र कुमार यादव, सुनिल कुमार साहू, विजय प्रसाद मुराऊ, ओमराज डाँगी, धमेन्द्र कुमार वर्मा, गौतम प्रसाद तमोली, घनश्याम चौहान, प्रदीप वर्मा, चौरसिया समाज बाँकेका तिर्थराम तमोली, दिनेश प्रसाद तमोली, विनोद कुमार तमोली, पप्पु तमोली, राष्ट्रिय खेलकुद परिषद्का राजेश शाक्य, अशोक कुमार मौर्या, अजय मौर्या, हिरालाल मौर्या, प्रकाश थापा, लवराज खरेल, पंकिता सिंह लगायत ५१ जनाले रक्तदान गरेका छन् । सो कार्यक्रममा प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मीको नेतृत्वमा सोम प्रसाद सापकोटा, होमराज गिरी, सुनिल थापा मगर, सञ्जय बढही, सुनिता कुमाई, पुनम थापामगर, केशर सिंह डाँगीले प्राविधिकमा र अन्यमा निखिल जायसवालले रक्तदान कार्यक्रममा सहयोग गरेका थिए । वि.सं. २०६३ साल वैशाखदेखि निरन्तर रुपमा आयोजना गरिँदै आएको त्रैमासिक रक्तदान कार्यक्रममा ५६ औं श्रृङ्खलासम्म करिब तीन हजार पिन्ट भन्दा बढी स्वयम्सेवी रक्तदाताहरुले रक्तदान गरिसकेका छन् ।

स्वाथ्य विज्ञानका अनुसार नियमित रक्तदान गर्ने पुरुषहरुमा हुनसक्ने आइरन ओभर लोड कम हुने र हृदयाघात हुने सम्भावना ८८ प्रतिशत कम हुन्छ । आइरन बढी हुने भएकोले नियमित रक्तदान गर्ने पुरुषहरुमा मधुमेह र क्यान्सर रोग हुने सम्भावना कम हुन्छ । त्यसैगरी रक्तदान गरेपछि शरीरमा नयाँ रक्त कोशिकाहरु बन्ने हुँदा रक्त प्रणाली पुनर्ताजगी हुन्छ र रक्तदान गरे जति रगतको मात्रा ४ साता भित्र तयार हुने हुँदा हरेक तीन महिनाको फरकमा रक्तदान गर्दा शारीरिक रुपमा पनि स्फुर्ती आउने गर्छ । कार्यक्रममा प्रतिष्ठित उद्योगपति तथा समाजसेवी चम्पालाल बोथरालाई रक्तदानको अभियानमा सद्भाव प्रदर्शन गरेकोमा नेपाल स्वयम्सेवी रक्तदाता समाज बाँके अध्यक्ष दिला शाह र सल्लाहकार पूर्णलाल चुकेले प्रशंसा पत्र प्रदान गरेका थिए । कार्यक्रममा समाजसेवी माधवराम वर्मा, कोषाध्यक्ष मन मोहन वर्मा, निलम शर्मा लगायतको सहभागिता रहेको थियो ।

# चौरजहारी कुदुको बीचमा बेलिब्रिज निर्माण गरिँदै

प्रचण्ड खत्री/मध्यान्ह
रुकुम पशिचम, २९ वैशाख

जाजरकोट र रुकुम पशिचम जोड्ने अस्थायी बेलिब्रिज पुल निर्माण गरिने भएको छ । वर्षैदेखि अलपत्र परेको मोटरेवल पुलको ठेक्का रद्द भएसँगै सो क्षेत्रमा वैकल्पिक पुल निर्माण गर्न लागिएको हो ।

पुष्पलाल (मध्यपहाडी) लोकमार्ग अन्तर्गत रुकुम पशिचमको चौरजहारी नगरपालिका र जाजरकोट भेरी नगरपालिकाको बीचमा रहेको भेरी नदीमा बेलिब्रिज पुल बनाउन सर्वे डिजाइनका कामहरु शुरु भएको छ । भेरी नदीको तीन ठाउँमा सर्वे काम भएको पुष्पलाल (मध्यपहाडी) लोकमार्गका प्राविधिक वामेश्वर देवकोटाले मध्यान्हलाई बताए ।

भेरी नगरपालिकाको-११ र १३ मा गरी तीन ठाउँमा सर्भेको काम भएको उनको भनाइ छ । पक्की पुल निर्माण गर्न समय लाग्ने भएकाले तत्काललाई समस्य हल गर्न बेलिब्रिज पुल निर्माणको काम अगाडि बढेको पूर्व अर्थमन्त्री जनार्दन शर्माले बताए । पुष्पलाल (मध्यपहाडी) लोकमार्गमा निर्माण कार्य शुरु भएको पक्की पुल लामो समयसम्म निर्माण हुन नसकि ठेक्का तोडिएको थियो । तोडिएको ठेक्का अनुसार वाइपीले हाल सम्म लोकमार्गलाई रकम फिर्ता नगरेको सडक डिभिजन कार्यालय चौरजहारीले जनाएको छ ।

निर्माण व्यवसायी वाइपीले आफूले पुल निर्माण गर्दा गर्दै पुष्पलाल (मध्यपहाडी) लोकमार्गले ठेक्का तोडिएको आरोप लगाउदै लोकमार्गको नाममा मुद्दा हालेपछि काम लम्बिएको छ । लामो समयसम्म पुल निर्माणको काम नहुँदा सर्वसाधारणले समस्या भोग्दै आएका छन् । मुद्दा प्रक्रियामा निर्माण व्यवसायी गएपछि पक्की पुल निर्माण हुन समय लाग्ने भएकोले बेलिब्रिज पुल बनाएर काम चालु गर्न लागिएको पूर्व अर्थमन्त्री शर्माले बताए । शर्मा आफैं फिल्डमा आएर बेलिब्रिज पुल बनाउनका लागि सर्वे गराएका छन् । यो पुल नहुँदा जाजरकोट र रुकुम पशिचम सिँधा यातायात सेवासँग जोडिन सकेको छैन ।

भेरी नदीको पुल निर्माणको ठेक्का लिएको १० वर्षसम्म पुल नबनाउने ठेकेदार कम्पनीलाई सरकारले साढे आठ करोड रुपैयाँ जरिवाना गरेपछि निर्माण व्यवसायी अदालत पुगेको छ ।

पुष्पलाल(मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय दैलेखले मध्यपहाडी सडक अन्तर्गत जाजरकोट र रुकुम पशिचम जोड्ने भेरी नदीमा पुल बनाउने जिम्मा लिएको वाईपी कन्स्ट्रक्सन प्रालिलाई साढे आठ करोड रकम जरिवाना तिराउने भएपछि प्रालि उल्टै नतिर्ने भन्दै अदालत पुगेको हो । जरिवाना तिराउने निर्णय भएको लामो समय बितिसक्दा पनि ठेकेदार कम्पनीले जरिवाना रकम तिर्न आनाकानी गरेको छ ।

निर्देशनालयले पटकपटक ताकेता गर्दा पनि निर्माण कार्य गर्न अटेर गरेपछि गत मंसिर २९ गतेको विभागीय निर्णय अनुसार ठेक्का सम्झौता रद्द गरिएको थियो । सार्वजनिक खरिद नियमावली २०६३ अनुसार ठेक्का तोडिएपछि निर्माण व्यवसायीबाटै उक्त योजनाको रकम असुल उपर गर्ने व्यवस्था रहेको छ । सोही नियमावली अनुसार ८ करोड ५७ लाख ९५ हजार ६ सय २६ रुपैयाँ जरिवाना गरिएको निर्देशनालयका डिभिजन प्रमुख इन्जिनियर युवराज पोखरेलले बताए ।

निर्माण व्यवसायीले सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र नेपाल सरकारको राजश्व खातामा जम्मा गर्नुपर्ने प्रावधान भएपनि हालसम्म निर्माण कम्पनीले उक्त रकम जम्मा नगरी अदालत पुगेको हो । सार्वजनिक सूचना भएको तीन महिना बितिसक्दा पनि रकम जम्मा नगरेर उक्त निर्माण कम्पनी उल्टै आफु अन्यायमा परेको भन्दै जरिवाना नतिर्ने भन्दै उच्च अदालत पाटनमा रिट निवेदन दिएको हो । गत माघ ६ मा सार्वजनिक सूचना प्रकाशित गरिएको थियो । यति लामो समय सम्म पुल अलपत्र हुँदा पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कुनै चासो देखाएको छैन । जरिवाना र लागत रकम तिर्न आनाकानी गरे सरकारी बाँकी सरह जायजेथा(अचल सम्पती)बाट समेत असुल उपर गर्ने कानूनी प्रावधान रहेको छ । वाईपी कन्ट्रक्सन प्रालि काठमाडौंले २०६९ सालमा तीन वर्षमा काम सम्पन्न गर्ने गरी १८ करोड स्टमेटको यो ठेक्का वाईपी कन्ट्रक्सनका प्रोपराइटर राजु श्रेष्ठले १४ करोड रुपैयाँमा ठेक्का सम्झौता गरेका थिए ।

## राजविराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

### औषधी तथा सर्जिकल सामान खरिद सम्बन्धी बोलपत्र (E–Bidding) आव्हान

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०१/३० (2023–May–13)

यस नगरपालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्रहरुमा निःशुल्क वितरण हुने औषधी तथा सर्जिकल सामान खरिद कार्यको लागि तपशिल बमोजिम E– Bidding बोलपत्र आव्हान गरीएको छ ।

| Contract No. | Description | Estimate Amt. including VAT | Bid Security Amount (NRs.) | Cost of bidding document (NRs.) |
|---|---|---|---|---|
| BM/NCB/Goods/ 079/80/01 | औषधी तथा सर्जिकल सामान खरिद कार्य | 49,99,998.18 | 1,30,000.00 | 3,000 |

1. The bidder shall submit their bid through e-submission procedure; no hardcopy submission shall be entertained.
2. For further more information refer the bids published at www.bolpatra.gov.np or Contract Rajbiraj Municipality, Office of the Muncipal Executive, Rajbiraj, Saptari, Madhesh province, Nepal.

## इपिसेन्टरमा...

पछि नहट्ने’ समेत प्रतिबद्धता जनाएको छ । साथै विगतका ठूल्ठूला भ्रष्टाचार काण्डका फाइलहरु खोल्न र २०४६ पछिका सबै उच्च पदस्थ नेता कर्मचारीको सम्पत्ति छानबिन गर्नसमेत राप्रपाले माग गरेको छ । शुक्रबार नै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले नक्कली भुटानी शरणार्थी प्रकरणको छानबिन चलिरहँदा ठूला तीन दलका नेता मात्रै निरन्तर छलफल गर्नुले आशंका जन्मिएको भन्दै प्रचण्डलाई सम्झाएका थिए । जवाफमा प्रधानमन्त्री प्रचण्डले नक्कली भुटानी शरणार्थी प्रकरणमा कसैसँग सम्झौता नगरी अगाडि बढ्ने प्रतिबद्धता जनाएका छन् ।

लामिछानेले भनेका छन्, ‘प्रधानमन्त्री प्रचण्डमा विश्वास देखेको छु । मुलुकमा सुशासन कायम गर्ने अभियानमा रहँदा सरकार ढाल्न खोजिए वा कुनै प्रकारको समस्या भए सरकारलाई समर्थन गर्न रास्वपा तयार हुने संदेश प्रधानमन्त्रीलाई दिएको छु ।’ शुक्रबार नै नेपाली कांग्रेसका तीन नेताले प्रधानमन्त्री प्रचण्डलाई भेटेर नक्कली शरणार्थी प्रकरणमा दह्रो खुट्टा टेक्न सुझाव दिए ।

महामन्त्रीद्वय गगन थापा, विश्वप्रकाश शर्मा र सहमहामन्त्री भीष्मराज आङ्देम्बेले प्रधानमन्त्री प्रचण्डलाई नक्कली भुटानी शरणार्थी प्रकरणमा खुट्टा नकमाउन सुझाव दिएका हुन् । कांग्रेस नेताहरुले दोषीलाई उन्मुक्ति नदिन सुझाव दिएका थिए । महामन्त्री थापाले भनेका छन्, ‘उच्च ओहोदाका कुनै पनि व्यक्तिसँगको भेटघाटले नक्कली भुटानी शरणार्थी प्रकरण प्रभावित नहोस ।’

## सरकारी...

तलबमा भएको विभेद अन्त्य गर्नुपर्नेजस्ता धेरै माग पनि राखेका छन् । सरकारसँग यसअघि भएका सहमतिको पालना नभए आन्दोलन थप चर्काउने उनीहरुको भनाइ छ । सरकारी शिक्षक हुन् वा कर्मचारी, उनीहरु ट्रेड युनियनमा आउनु भनेको राजनीतिक रङ देखिनु हो, तर, यो गलत हो । उनीहरू सेवा प्रदायक निकाय भएकाले काम नगरेर आन्दोलन गर्ने छुट कसैलाई पनि दिनुहुँदैन,’ सांसद माधव सापकोटाले भने । उनले कर्मचारीहरुको संगठन तल्लो स्तरका कर्मचारीहरूको सामूहिक हकहितको निम्ति काम गर्ने भन्दापनि राजनीति र आन्दोलन गर्ने थलो मात्रै भएको बताएका छन् ।

निजामती सेवा ऐन २०४९ को दफा १७४ को उपदफा ५४ ले भने निजामती कर्मचारीले कुनै पनि कार्यालय वा अधिकृतको कानुनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी हडताल वा कलम बन्द गर्न तथा शारीरिक वा मानसिक उत्पीडन हुने गरी दबाब दिन वा सो गर्ने उद्देश्यले अरूलाई उक्साउनसमेत नहुने उल्लेख गरेको छ । तर, देशभरिका शिक्षक, कर्मचारी डाक्टर आदि काम नै छोडेर पटकपटक आन्दोलनमा उत्रिरहेका छन् र पनि सरकारले ऐनको विपरित काम गर्ने कर्मचारीलाई कारवाही गर्ने सकेको छैन । बरु, आफ्नो दलनिकट कर्मचारीको संरक्षण गर्नेमै सरकार केन्द्रित देखिएको छ ।

## मिनी...

लोक सेवा आयोग, निर्वाचन आयोग र सम्बद्ध विषय तथा निकाय राखिएको छ ।

पूर्वाधार विकास समितिले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, खानेपानी मन्त्रालय, शहरी विकास मन्त्रालय र सम्बद्ध विषय तथा निकाय हेर्नेछ । शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, युवा तथा खेलकूद मन्त्रालय र सम्बद्ध विषय तथा निकाय हेर्ने गरी कार्यक्षेत्र तय गरिएको छ । तय भएको कायक्षेत्र अनुसार सार्वजनिक लेखा समितिले सार्वजनिक लेखा, महालेखा परीक्षकको वार्षिक प्रतिवेदन र सम्बद्ध विषय तथा निकायको कामकारबाहीको निगरानी गर्नेछ ।

## इटहरीको...

ब्रिजस्काई इन्टरनेशनलमा ताला लगाएको हो । उनीहरुले विभागबाट अनुमति नलिई आफुखुसी शाखा स्थापना गरी व्यवसाय सुचारु गरेको पाइएकाले ताला लगाइएको वैदेशिक रोजगार विभागका निर्देशक कृष्णप्रसाद भुसालले मध्यान्हलाई बताए ।

अनुगमनको टोली आउँदा इटहरीमा अवैधानिकरुपमा सञ्चालित म्यानपावर व्यवसायीहरुको भागदौड मच्चिएको थियो भने केही आफ्नो व्यवसाय नै बन्द गरेर फरार भएका थिए । अनुगमनकै क्रममा बाहिर बोर्ड नराखी केहीले शाखा कार्यालय भन्दै कारोबार गरिरहेको पनि पाइएको थियो । त्यस्तै मोभिरा एच आर ओभरसिज, डिलक्स/परी म्यानपावरले हुँदै नभएको विदेशी कम्पनीको डिमाण्ड चोरी गरी सूचना निकाल्दै सर्वसाधरणलाई ठग्ने गरेको भेटिएको थियो । टोलीले बद्मासी गरेको प्रमाणित भएका दुवै शाखामा ताला लगाएको हो ।

सर्वसाधरणबाट अवैधानिकरुपमा सञ्चालित म्यानपावरहरुले व्यापक ठगी गरेको गुनासो आउन थालेपछि विभागले टोली नै बनाएर अनुगमन थालेको निर्देशक भुसालले बताए । यसअघि पनि इटहरीमा पटक-पटक विभागले म्यानपावरहरुमा छापा मार्दै चेतावनी दिँदै आएको थियो । टोलीले शुक्रबार इटहरीको विभिन्न स्थानमा रहेका करिब एक दर्जन म्यानपावरका शाखाहरुमा छड्के अनुगमन गरेको थियो । यता विभागले गरेको अनुगमनलाई केही व्यवसायीले साथ दिएका थिए भने केहीले विभागको झारो टार्ने काम मात्र भएको आरोप लगाएका छन् । यसअघि पनि यसैगरी अनुगमन गरिएको र अवैध मानिएका ५ वटा म्यानपावर कम्पनीमा ताला लगाएपनि भोलिपल्टै खोलिएको व्यवसायीहरुले बताएका छन् । अवैध म्यानपावर शाखाहरुका कारण सरकारी नियमअनुसार सञ्चालन हुँदै आएका वैधानिक म्यानपावर बद्नाम भएको व्यवसायीहरु बताउँछन् ।

## कतारद्वारा...

सम्पन्न गरिने २२ परियोजनामा हमाद हस्पिटलको थप विस्तार, मदिना खलिफा हेल्थ सेन्टर, सिद्रा एकेडेमी, नगर विकास मन्त्रालयको भेटेनरी ल्याव भवन, नगरपालिकाको पशु चिकित्सा प्रयोगशालालगायतका परियोजना छन् । ती परियोजना सञ्चालन गर्दा कतारको आर्थिक गतिविधि चलायमान हुने र विदेशी कामदारको माग बढ्ने आंकलन गरिएको छ । परियोजना मामिला निर्देशक इन्जिन युसेफ अल इमादीका अनुसार विभिन्न निकायसँगको समन्वयमा निर्माण कार्य सम्पन्न गरिनेछ । निर्देशक अल इमादीले यहाँका कोर्ट कम्प्लेक्स र कोर्ट अफ क्यासेशन, अल थुमामा मुख्य हुलाक कार्यालय भवन, सडक यातायात भन्सार भवनलगायतका परियोजनाहरूको डिजाइन योजना शुरु भइसकेको बताएका छन् ।

कतारको सार्वजनिक निर्माण प्राधिकरणले गत हप्ता सर्वोच्च न्याय परिषद्को समन्वयमा अदालत परिसर परियोजना र अदालतको क्यासेशन परियोजनालाई समावेश गर्न ८ नयाँ अदालतहरू स्थापना गर्न डिजाइन प्रतियोगिता शुरु गर्ने घोषणा गरेको थियो । विश्वकप फुटबलपछि कतारमा नेपालबाट पुनः श्रम स्वीकृतिमा आउने कामदारको संख्या बढेपनि म्यानपावर कम्पनीबाट आउने नयाँ कामदारको संख्या ह्वात्तै घटेको छ । विश्वकप फुटबलअघि वैदेशिक रोजगारमा नेपाली कामदार जाने सूचीको पहिलोस्थानमा रहने गरेको कतार हाल चौथोमा पुगेको छ । हाल सबैभन्दा धेरै मलेसिया त्यसपछि क्रमशः साउदी अरेबिया, यूएई र कतारमा नेपाली कामदार आउने गरेका छन् ।

## Dullu Municipality
## Office of Municipal Executive
Dullu, Dailekh
Karnali Province

### Invitation For Bids

**IFB No: GOOD/DM/31/2079/080**
**First Date of publication: 28/01/2080**

1. Dullu Municipality, Dailekh invites only electronic bids from Nepalese eligible bidders for the supply of below listed Items under National Competitive Bidding procedures.

| S. N. | Contract No | Work Description / Name of Project | Estimated Amount Without VAT & Contingencies (NRs) | Bid Security amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | GOOD/ DM/ 31/2079/ 080 | Supply, Delivery, Installation, Calliberation and Testing of Plastic and Organic Waste Processing Machines unit<br>Specified components<br>• Gasifier machine Unit to generate heat energy from municipal organic waste and other organic resources (at least including 25% plastics & non-degradable waste) (capacity 1-2 ton/day) with conveyor belt and wet scrubber and air purification tower.Impeller: D2 grade alloy metal.<br>• Thermo-Hydrolysis Fermentation machine for micronutrient-rich liquid fertilizer (at least capacity of volume 4 feet x 5 feet tank) with conveyor belt, and Microorganism bacteria developer machine 1 unit set with Bio pesticides developer 1 unit set<br>• Organic fertilizer machine for organic materials / micronutrient -minerals (capacity 1.5 ton/cycle) with shredder, hammer mill, conveyor belt and vacuum conveyor set. | 1,61,10,000.00 | 5,45,000.00 | 3000.00 | 120 Days |

2. a) Rajaswa (revenue) Khatta no.: 43400301010002 &
   b) Dharauti Khatta (Deposit Acct.) No : 43400303000002
3. Electronic bids must be submitted before 12:00 on 27/02/2080.
   The bids will be opened at 14:00 on 27/02/2080

Chief Administrative Officer

# गण्डकीमा मन्त्रिपरिषद् विस्तार मन्त्रीले लिए शपथ

**मध्यान्ह संवाददाता**
कास्की, २९ वैशाख




गण्डकी प्रदेश सरकारले पूर्णता पाएको छ । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले शुक्रबार चार मन्त्री नियुक्त गरेका हुन् । नेपाली कांग्रेसबाट आर्थिक मामिलामन्त्रीमा तनहुँका जीतप्रकाश आले, कृषि तथा भूमि व्यवस्थामन्त्रीमा नवलपुरका महेन्द्रध्वज जिसी, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीमा बागलुङका दीपेन्द्रबहादुर थापा नियुक्त भएका छन् ।

नेकपा (माओवादी केन्द्र)बाट रेशम जुग्जाली भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्रीमा नियुक्त भएका हुन् । विना विभागीयमन्त्रीका रुपमा पहिले नै शपथ लिइसकेकी कांग्रेसका सरस्वती अर्याल तिवारीले ऊर्जा, जलस्रोत तथा खानेपानी र माओवादी केन्द्रका सुशीला सिम्खडाले सामाजिक तथा स्वास्थ्य मन्त्रालयको जिम्मेवारी पाएकी छन् ।

नवनियुक्त मन्त्रीहरुले शुक्रबार प्रदेश प्रमुख पृथ्वीमान गुरुङसमक्ष पद तथा गोपनीयताको शपथ लिएका छन् । यसअघि बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ८ अनुसार मन्त्रालयको कार्य विभाजन हेरफेर गरेको थियो । नयाँ कार्य विभाजनअनुसार आन्तरिक मामिला तथा कानून मन्त्रालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गाभिएको छ । अबदेखि शान्ति सुरक्षा, विपद् व्यवस्थापन, प्रदेशसभा मामला, कानून, सञ्चार आदिको कार्य जिम्मेवारीसमेत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्हाल्नेछ ।

कृषि तथा जलस्रोत मन्त्रालयले कृषि, पशुपन्छी, ऊर्जा, सिँचाइ र खानेपानी हेर्दै आएकामा ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय र कृषि तथा भूमि व्यवस्था मन्त्रालय छुट्टाछुट्टै बनाइएको हो ।

आर्थिक मामिला मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय भने यथावत् कायम छन् । यही वैशाख १४ गते मुख्यमन्त्रीमा नियुक्त पाण्डेले वैशाख २१ मा विश्वासको मतसमेत पाएसकेका छन् ।

साठी सदस्यीय प्रदेशसभामा उनलाई कांग्रेसका २७, माओवादी केन्द्रका सात र नेकपा (एस) का एक गरी ३५ प्रदेशसभा सदस्यले विश्वासको मत दिएका थिए । प्रदेशसभामा २२ सिट रहेको नेकपा (एमाले) र दुई सिटको राष्ट्रिय प्रजातन्त्र पार्टी भने प्रतिपक्षी भूमिकामा पुगेका छन् ।

# यौन दुर्व्यवहार आरोपमा कृषिविज्ञ राई पक्राउ

**खोटाङ/मस–** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-२ सोल्मामा सञ्चालित 'शुभद्रा-मदन फाउन्डेसन' (शुभम्)का संरक्षक एवम् कृषिविज्ञ मदन राईलाई प्रहरीले नियन्त्रणमा लिएको छ । आवासीयरुपमा शुभम् फाउन्डेसनमा बसेर पढ्ने बालिका र किशोरीहरूलाई यौन दुर्व्यवहार गरेको आरोप लागेका संरक्षक राईलाई प्रहरीले शुक्रबार मध्याह्न फाउन्डेसनबाटै नियन्त्रणमा लिएको हो ।



प्रहरी नियन्त्रणमा रहेका राईमाथि अनुसन्धान शुरु गरिएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रमुख प्रहरी नायब उपरीक्षक मञ्जिल मुकारुङले बताए । संरक्षक राईले आफूहरुको संवेदनशील अंगमा हात हाल्ने, शारीरिक सम्पर्कका लागि आग्रह गर्ने, आफ्ना गोप्य अंगमा छुन लगाउने, नग्न शरीर देखाएर अश्लील हर्कत गर्ने लगायतका आरोपसहित पीडित पक्षले मौखिक उजुरी दिएको प्रहरीले बताएको छ । संरक्षक राईलाई प्रहरीले नियन्त्रणमा लिएपछि मौखिक उजुरी दिनेहरुलाई किटानी जाहेरी दिन कार्यालयमा बोलाइएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रवक्ता प्रहरी निरीक्षक बेनु कार्कीले जानकारी दिए ।

फाउन्डेसनका संस्थापकसमेत रहेका ७५ वर्षीय राईले विगत केही वर्षदेखि सामाजिक सञ्जालमा अश्लील शब्द प्रयोग गरेर 'स्टाटस' लेख्दै आएका थिए । यौन शिक्षाका नाममा सामाजिक सञ्जालमा अश्लील शब्द प्रयोग गरेको विषयमा संरक्षक राईको चौतर्फी आलोचना हुँदै आएको थियो । फाउन्डेसनमा अध्ययनरत बालिका तथा किशोरीहरुमाथि संरक्षक राईबाटै यौन दुर्व्यवहार भएको खबर शुक्रबारदेखि विभिन्न सञ्चारमाध्यममा आइरहेका छन् । सञ्चारमाध्यममा समाचार आएपछि बालिका तथा किशोरीहरुले लगाएको आरोप ४० प्रतिशत सत्य रहेको संरक्षक राईले सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिएका छन् ।

बालिका तथा किशोरीहरुमाथि यौन शोषण भएको खबर विभिन्न सञ्चारमाध्यममा समाचार आएपछि बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)ले विज्ञप्ति जारी गर्दै गम्भीर ध्यानाकार्षण भएको जनाएको छ । सिजपले पीडित बालिका तथा किशोरीमाथि यौन दुर्व्यवहार गर्ने संरक्षक राईलाई कडाभन्दा कडा कानुनी कारबाही गर्न सम्बन्धित निकायलाई ध्यानाकर्षण गराएको छ ।


## ललितपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**पुल्चोक, ललितपुर**
**बागमती प्रदेश, नेपाल**

### खरिद इकाई

### शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना


**प्रकाशित मितीः २०८०/०१/३०**

यस कार्यालयबाट सञ्चालन हुने कौशी खेती ब्यबस्थापन कार्यक्रमको लागि आवश्यक मल, बिउबिजन तथा अन्य कृषि सामाग्रीहरु शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरिने भएकोले इच्छुक फर्म, संस्था वा कम्पनी बाट आबेदन दिन सकिनेछ । आबेदन साथ फर्म रजिष्ट्रर भएको प्रमाणपत्र, भ्याट, प्यान दर्ता तथा आ. ब. ०७८/७९ सम्मको कर चुक्ता प्रमाणपत्र संलग्न गरी ललितपुर महानगरपालिकाको नेपाल बैंक लिमिटेड, गाबाहल ललितपुरमा रहेको राजश्व खाता (खाता नं ०१८०३०००००१००१००००००१) मा रु. १००० तिरी दरभाउपत्र फारम खरिद गर्न सकिनेछ । अन्य जानकारीको लागि यस कार्यालयको जिन्सी ब्यबस्थापन केन्द्रमा सम्पर्क गर्न सकिने छ ।


# डडेल्धुरा डायरी

# परशुराम–८ मा फैलियो झाडापखाला एक जनाको मृत्यु

**दिपक राज भट्ट/मध्यान्ह**
डडेल्धुरा, २९ वैशाख



डडेल्धुराको परशुराम नगरपालिका वडा नं ८ को गुप्तेगडालगायतका बस्तीमा झाडापखालाको संक्रमण फैलिएको छ । गत मंगलबार वडा.न ८ को गुप्तेगडाकी १४ वर्षीया बालिका संगीता धामीको झाडापखालाकै कारण मृत्यु भएको थियो । झडापखला फैलिन थालेपछि स्वास्थ्यकर्मीको टोलीले स्वास्थ्य परीक्षणलाई तीव्रता दिएको छ ।

परीक्षणका क्रममा करिब २ सय जनाभन्दा बढीमा झाडापखालाको संक्रमण पाइएको स्वास्थ्य शाखा परशुरामका संयोजक तेजबहादुर सिंहले बताए । उनले भने, 'परीक्षणका क्रममा एक जनामा हैजाको संक्रमण देखीएको छ भने अरुमा झाडापखाला संक्रमण देखिएको छ, परीक्षण र रोग नियन्त्रणको प्रयास शाखाले जारी राखेको छ ।' गुप्तेगडासहित वडा नं ८ को माथिल्लो बस्तीमा खुला दिसा, पिसाप हुने र फोहोर पानी, बासीखाना तथा सरसफाइको कमीका कारण संक्रमण फैलिएको हुनसक्ने उनले वताए । झाडापखाला फैलिएको खबर पाएलगत्तै जोगबुडा अस्पताल स्वास्थ्य शाखाबाट टोली खटिई नागरिकको स्वास्थ्य परीक्षण जारी राखिएको उनले जानकारी दिए ।

स्वास्थ्य कार्यालय डडेल्धुराबाट पनि टोली झाडापखला फैलिएको क्षेत्रमा जाँदै छ । परशुराम स्वास्थ्य शाखा, नगरपालिका, राजनीतिककर्मी, जनप्रतिनिधि, सञ्चारकर्मी, स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मी सबैबाट झाडापखाला नियन्त्रणको प्रयास भइरहेको संयोजक सिंहले वताए ।

झाडापखला नियन्त्रणका लागि स्थलगतरुपमा नागरिकलाई पानी उमालेर पिउन, खाना खानु अघि र सौचालय गइसकेपछि साबुन पानीले हात धुन आग्रह गरिएको उनले बताए ।

मौसम परिर्वतनले केही दिन अगाडि वर्षा भएका कारण पनि पानीका मुहानहरुमा विभिन्न जिवाणुहरु बगेर आएकाले संक्रमण फैलिएको अनुमान गर्न सकिने संयोजक सिंहको भनाइ छ ।

विगतमा पनि वडा नं ८ मा हैजा फैलिएको र जिल्ला, स्थानीयसहित सबै क्षेत्रको प्रयासबाट हैजा नियन्त्रण भएको उनले बताए । उनले भने, 'एक जना बहिनी संगीता धामीको अल्पआयुमै मृत्यु भएकोमा हामी निकै मर्माहित भएका छौं । यो झाडापखाला छिट्टै नियन्त्रणमा आउँछ, सबैलाई नआत्तिन अनुरोध गर्दछु ।'

# धार्मिक आस्थाको धरोहर परशुराम धाम




डडेल्धुराको परशुराम नगरपालिका ५ नदी किनारामै परशुराम धाम रहेको छ । यो चार धाम मध्येको एक धाम हो । भगवान विष्णुको दश अवतारमध्ये परशुराम अवतार भएको धाम महाकाली नदीको किनारमा एला नदीको संगमसँगै रहेको छ ।

एकातिर चूरे पर्वत शृंखला र अर्कोतिर महाभारत पर्वतसँगै भारतको पूर्णागीरी पर्वतको मध्य भागमा रहेको परशुराम धाम डडेलधुराको सदरमुकाम देखि १ सय किलोमिटर र कञ्चनपुरबाट ३९ किलोमिटरको दुरीमा सडक मार्गबाट पुग्न सकिन्छ ।

स्कन्द पुराणको मानस उल्लेख भए अनुसार नजिकै रहेको पूर्णागीरी मन्दिर सतिदेवीको पूर्ण अंग पतनपछि भगवान शिवले शरिर आएर यही धाममा लामो कालखण्ड तपस्या गरेका हुन् । पछि इश्वरीय अवतारका लागि यही पुण्य भूमीमा परशुराम अवतार भएको हो । महाकाली (श्यामा) नदीको किनारामा रहेको चुनढंगामा बसेर भगवान शिव र विभिन्न ऋषीहरूले तपस्या गरेको उल्लेख गरिएको पुराणमा सबै धामको पुण्य परशुराम धामबाट पाउन सकिने उल्लेख समेत गरिएको छ । स्कन्द पुराणको मानस खण्डमा उल्लेख भए अनुसार महाकाली नदीको दक्षिणतर्फ एलाको संगममा अवस्थित परशुराम क्षेत्रका विषय तीनलोकमा चर्चा छ ।

*जामदन्यं समं क्षेत्रम त्रैलोक्येन मयिक्षितम ।*
*यत्र स्नात्वा भवेतस्मात प्रीयो देवस्य चक्रीण ॥*

परशुरामतीर्थमा परशुरामजीले चिरञ्जीवीको वरदान पाएका थिए । भगवान शिवको कठोर तपस्या गरी फर्सा प्राप्त गरेका थिए । भगवानको अवतार धारणा गरेको, चिरञ्जीवीको वरदान प्राप्त गरेकाले तीनलोकमा कहि नभएको परशुराम तीर्थ छ भनिएको छ । परशुरामतीर्थमा महाकाली नदी स्नान गंगा स्नानकोभन्दा सय गुणा बढी पुण्य प्राप्त हुन्छ । परशुराम तीर्थमा स्नानको निकै ठूलो महत्व छ । माघ स्नानलाई विशेष रुपमा लिइन्छ । मकर स्नान गर्नका लागि पुस मसान्तमा जाग्राम बसेर मकर उदयसँगै स्नान गर्ने गरिन्छ । परशुराम धामको प्रचारप्रसारका लागि परशुराम नगपालिकाले वर्षेनी महोत्सवको आयोजना गर्दै आएको छ भने दिगो योजना बनाएर काम गरिरहेको नगरपालिकाका मेयर भरत बडायर जोशीले बताए ।


## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**वीरेन्द्रनगर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

### ठेक्का स्वीकृतिको आशयको सूचना

**(सूचना प्रकाशन मिति : २०८०/०१/३०)**

मिति २०८० बैशाख १० र १२ गतेका दिन प्रकाशित बोलपत्र/दरभाउपत्र आह्वानको सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्र/दरभाउपत्रहरुको बिभिन्न मितिमा बसेको बोलपत्र मूल्यांकन समितिको सिफारिस बमोजिम तपशिलको बोलपत्र न्यूनतम मूल्यांकन सारभुत प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपशिलः**

| क्र.सं. | ठेक्का नं. | आयोजनाको नाम र आयोजना स्थल | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक (मु.अ. कर तथा PS वाहेक) |
|---|---|---|---|---|
| १ | NCB/BM/079/80 /Works/16 re. | इम्यानुयल स्कुल मार्ग हुंदै डम्बर बहादुर सिंहको घरसम्म सडक कालोपत्रे गर्ने काम वडा नं. २ | श्री मधु कन्स्ट्रक्सन वीरेन्द्रनगर ६, सुर्खेत | २८,४२,५२१ |
| २ | NCB/BM/079/80 /Works/21 re. | ठुलो थारु गाउँ समाज कल्याण जाने बाटो कालोपत्रे तथा स्तरोन्नती गर्ने काम काम वडा नं. २ | श्री सिम्ताली कन्स्ट्रक्सन उत्तरगंगा ८, सुर्खेत | २३,१५,४२४ |
| ३ | NCB/BM/079/80 /Works/22 re. | गणेश चोक देखि खम्वा लाइन जिर्ण सडक मर्मत तथा कालोपत्रे गर्ने काम वडा नं. ५ | श्री प्रायन निर्माण सेवा वीरेन्द्रनगर ४, सुर्खेत | २०,७५,५०४/३० |
| ४ | SQ/BM/079/80 /Works/27 | वागिना थियटर निर्माण गर्ने काम वडा नं. ८ | श्री स्वर्णिम निर्माण सेवा सिम्ता ८, सुर्खेत | १२,९४,६०५/३० |

**प्रमुख प्रशासकीय अधिकृत**





कथा

# दिदीको आत्मकथा

दिदीले भन्दै गइन्, "एकदिन उसले भन्यो, "तिम्रो पति मर्‍यो ! अब के गर्छेऊ ?" मैले रुँदै भने, "माइत लगिदेऊ । अब मसँगै बस ।" मैले चिथोरे, नङ्गाए, कुटे तर, ऊ चुपचाप सहेर बस्यो । उसले भन्यो, "मसँग पैसा लिएर तिमीलाई बेचिदियो उस्ले । अब कहिँ पनि जान पाउँदिनौ !" कस्तो थियो त्यो समय अहिले पनि सोचेर आङ सिरिङ्ग हुन्छ मेरो ।"



■ कुन्ज देवी उपाध्याय

"हजुरलाई मेरो तर्फबाट सहस्रकोटी नमस्कार दिदी !"

"किन कान्छी ? के भनेको तैँले ।"

"हजुरको त्याग र महानुभावलाई सलाम गरेको दिदी । आजको दिन भाको भए विचरा हुनुहुन्थ्यो । मिडियाको खोराक हुने थियो हजुरको बेहाल । दुई दिन सबैले रमिता हेर्ने त हो । तेस्रो दिनबाट आफ्नो जिन्दगी आफैँ सम्हाल्नु पर्छ दिदी ।"

सुक सुक रून लागेकी दिदीलाई शान्त्वना दिँदै मैले भने, "अरू भन्नु मलाई साह्रै जान्न मन छ । हजुरको दुःखको कुरा खोतलेर अतित ब्यूताउने इरादा होइन मेरो । नारीले कति दुःख झेल्दै आजको दिनसम्म आई पुगेका छन् त्यो जान्नु छ मलाई ।"

मेरो पिठ्यूँमा हात राखेर दिदी भन्नुहुन्छ, "बिहे भनेको के हो बुझ्नै नसक्ने उमेरमा एकजना ३०वर्षे पुरूषसँग मेरो बिहे भयो । १३ वर्षको उमेरमा बिहे भएको मलाई सांसारिक ज्ञान केही थिएन । डर र दिनभरि यता उता काम गरेर राति गलेर हत्तु हुन्थ्ये अनि बिस्तारमा पुग्ने साथै निद्रा लाग्थ्यो । सायद मेरा जवान पति मदेखि खुशी भएनन् । जतिखेर पनि रिसाउने गर्थे । सासूले म बसेको देख्नै नहुने । नराम्रो गालि बर्सिन्थ्यो", दिदी भावुक हुन्छिन्, "त्यसपछि के भयो ? म दोहोर्‍याउछु ।"

मेरो जिज्ञासा बढी रहेको थियो ।

"मलाई माइतीघर जाने भने । खुशीको ठेगाना रहेन ममा । हतार हतार पोको बाँधे । सासूले बिहेका लुगा सबै खोसिन ! मनमनै सोचें अब म यहाँ कहिल्यैं आउँदिन । त्यही भयो...!"

भक्कानिएर बोल्नै नसक्ने भइन् दिदी । मलाई दुःख लाग्यो । अतितको पुरानो पन्ना पल्टाएर मैले उनलाई आघात पुर्‍याएँ जस्तो लाग्यो । आफैँलाई अपराधी जस्तो अनुभव भयो । आँचल तानेर आँसु पुछि दिए ।



> भक्कानिएर बोल्नै नसक्ने भइन् दिदी । मलाई दुःख लाग्यो । अतितको पुरानो पन्ना पल्टाएर मैले उनलाई आघात पुर्‍याएँ जस्तो लाग्यो । आफैँलाई अपराधी जस्तो अनुभव भयो । आँचल तानेर आँसु पुछिदिएँ ।

अब के भयो जान्न पनि मन छ । मैले सोधेँ, "दिदी चिया पिउने अब ?"

"अरू नसुन्ने ?" दिदिको मुखबाट त्यति सुनेपछि ऊर्जा मिल्यो ।

चियाको कपमा चुस्की लगाउँदै फेरी शुरू हुन्छ कहानी जस्तो लाग्ने दिदीको आत्मकथा ।

"भोलिपल्ट बिहानै हामी घरबाट निस्किएर हिँडियो । उनले मलाई एउटा नदीको किनारमा लिएर गए । मैले सोधें "यहाँ किन आएका हामी ?" "नाउमा जानु पर्छ", उनले भने । एकैछिन पछि एउटा नाउ आयो । तिनजना मान्छे थिए । नाउ चल्यो । कता गयो मलाई केही थाहा भएन । कहिल्यैं घरबाट बाहिर ननिक्लेको मलाई पूर्व पश्चिमको पनि ज्ञान थिएन ।"

"अनि कतिबेला माइती घर पुगियो दिदी ?" सुपारी चबाउँदै मैले दिदीको अनुहार हेरें । आँखामा घृणा थियो

"केको पुग्ने । अलि पर पुगेपछि अर्को घाटमा नाउँ लाग्यो । उनी दिशा जान्छु भनेर उत्रे । त्यहाँ भएका एकजना बलिया युवक पनि गए । एकछिन पछि त्यो युवक घुरेर आए । पति आएनन् ।"

"त्यसपछि ?", मैले सोधेँ ।

"मलाई केही थाहा छैन । भोलिपल्ट बिहान एउटा कोठामा आफुलाइ भेटेँ । अपरिचित थियो त्यो कोठा । म कहाँ छु ? ढोका खोल को छ यहाँ ? भनेर कराएँ ।"

मेरो मुटु ढुकढुक गर्‍यो दिदीका कुरा सुनेर । "हे भगवान कत्रो साजिस भएछ दिदी !"

"धेरै बेरमा त्यो नाउमा आएको बलियो युवक भित्र पस्यो । बाहिरबाट कसैले ढोका बन्द गर्‍यो । "मलाई कहाँ ल्याएको ? को हौ तिमी ? किन बन्द गरेको ढोका ?" एकै श्वास सोधेँ । "ऊ भन्छ । तिमी डराउनु पर्दैन । चुप्प लागेर बस ।" "खै मेरा पति ?" उनी आउँछन् दुई/चार दिनपछि । अहिले अस्पतालमा छन् ।" "किन, के भयो उनलाई ? म कसरी यहाँ आएँ ?" "उनलाई दिशा गर्न जाँदा सापले डस्यो । ठिक भएपछि आउँछन् । म खाने ल्याइ दिन्छु । खाएर राम्रो सित बस । दुई/चार दिनपछि उनी आउँछन् ।" के साँचो के झुठो मैले सोचेर पाउन सकिनँ । जाने पनि बाटो थिएन् । कता जानुपर्ने हो थाहा पनि भएन । रोएर बस्ने सिवा केही उपाय रहेन ममा । न फोनको जमाना थियो ! कसैले पनि मेरो खबर गरेनन् । तै युवकले खान दिने बोल्ने बात गर्ने गर्थ्यो ।"

दिदीले भन्दै गइन्, "एकदिन उसले भन्यो, "तिम्रो पति मर्‍यो ! अब के गर्छेऊ ?" मैले रुँदै भने, "माइत लगिदेऊ । अब मसँगै बस ।" मैले चिथोरे, नङ्गाए, कुटे तर, ऊ चुपचाप सहेर बस्यो । उसले भन्यो, "मसँग पैसा लिएर तिमीलाई बेचिदियो उस्ले । अब कहि पनि जान पाउँदिनौ !" कस्तो थियो त्यो समय अहिले पनि सोचेर आङ छिरिङ्ग हुन्छ मेरो ।"

दिदीका कुरा सुनेर म ट्वाल्ल परेर हेरिरहें । त्यस्तो पनि हुँदो रैछ ! कस्तो-कस्तो दिन देख्नु परेको हरे...

"यसरी नै मेरो जीवनको गति परिवर्तन भयो । म बाहुनबाट क्षत्रीय भएँ । के गर्छेस् बहिनी जीन्दगीको लेखा जोखा अचम्मको हुँदो रहेछ । कसैलेपनि खोजी नगरेपछि म आत्मसमर्पण गर्न बाध्य भएँ । त्यही युवकसँग संसार भयो । एउटा छोरो, एउटी छोरी जन्मे । उसका पनि कोही थिएनन् । मैले धेरै आग्रह गरेपछि उसैले माइतिको खोजी गरेर भेट गरायो । अब बुढी भएँ । तसँग पनि भेट भयो । तेरा भिनाजु मैले जे भने पनि मान्छन् । भगवानको इक्षा भनेर स्वीकार गरेको हो मैले । म मर्न खोज्दिनथ्ये । मरेर के हुन्छ ? बाँचे धेरै देख्न पाइन्छ ।"

"अनि त्यो चन्डालको के भयो दिदी ?"

"जान्दिनँ । भलो अवस्य पनि भएन त्यस्को.. कहिल्यैं हुँदैन ।"

"स्याबास दिदी । हजुरको सम्झौता सही हो । जीन्दगी कुन मोडमा पुगेर कता फर्किन्छ, कसैले जान्दैन । म कहिल्यै हजुरलाई दोषी मान्दिनँ । नारी कसैको पनि खेलको सामग्री होइन । आजको समयमा हजुर एक आदर्श नारी हो भन्ने मलाई लाग्छ ।" दिदीलाई दुःख भुलाउने गरी भनेँ । दिदी पनि केही शान्त देखिइन् ।

(शिवसागर, असम ।)

कविता



## आँसुको मूल्य

अच्युतमान सिंह प्रधान 'उत्सुक'

आँसुको मूल्य हाँस्नेलाई के थाहा ?
दुःखको पीडा सुखीलाई के थाहा ?
घाउ चोट लाग्दा हुन्छ, शारिरीक पीडा मात्र ।
तर मन दुख्दा, बलिन्द्र धारा बग्छ आँखाबाट ।
घाउ चोट देख्न सकिन्छ, आँखाले ।
तर मन दुःखेको देख्न सकिन्न, आँखाले ।
घाउ चोट त निको हुन्छ, मलम पट्टी लगाएर ।
तर निको पार्न सकिन्न दुःख, कुनै मलम पट्टी लगाएर ।
अनमोल हुन्छ, आँसुको मूल्य ।
न त तुलना गर्न सकिन्छ धनसँग
न त तुलना गर्न सकिन्छ अरु केहीसँग ॥
बग्न नदेउ कसैको आँखाबाट आँसु ।
मनमा दुःख, पीडा हुँदा बग्छ आँसु ।
मन दुख्दा अनि चित्त दुख्दा बग्छ आँसु ।
खुशी नहोउ कोही, कसैको आँखामा आँसु देखेर ।
अरुको आँखामा आसु बगाएर
हुँदैन कोहि सुखी र खुशी जीवनमा ।
आँसुको पाप लाग्छ, आँसु बगाउनेलाई ।
यसर्थ, पापको भागी नबन कोही ॥

## चार मुक्तक



प्रदीप के रिमाल

१.
आँटा पिठोलाई तोडफोड गरेर केक बनाइन्छ यहाँ
पैसा नै नभएको बैंक खाताको चेक बनाइन्छ यहाँ
राष्ट्रमा चौतर्फी भ्रष्टाचार भयो भन्ने आवाज उठाउँदा,
देशभक्त, कर्मठ, सपूत छोरोलाई फेक बनाइन्छ यहाँ ॥

२
दिनहुं देशको मुल ढुकुटी लुटेर खोक्रो बन्यो
राष्ट्रवादी झुठो नाराले अर्थ भुटेर धोक्रो बन्यो
को-कस्तो भनेर चिन्न खासै कठिन छैन यहाँ
जनताका इच्छा आकांक्षा छुटेर बोक्रो बन्यो ॥

३
यो पृथ्वीको एक न्याय मरेको देश
कर्तव्य बिर्सेर छिमेकमा सरेको देश
अन्याय र अत्याचारको पराकाष्ठाले
दिन प्रतिदिन खाल्डोमा झरेको देश ॥

४
चिल्ला कुरा गरेर फोस्रा सपना बाँड्दै जनमत नलुटौ
कमि कमजोरी कसको अब घनिभुत छलफलमा जुटौं
देश र जनतामाथि गद्दारी गर्ने लुच्चा धोकेबाजहरुलाई
गाउँ शहर जताततैबाट बहिष्कार गर्दै कुटौं ॥

पुस्तक-समीक्षा

■ श्याम रिमाल



# 'श्रमाटन' : वैदेशिक रोजगारीको कथा

'भिक्षाटन', 'पर्यटन', 'तीर्थाटन', 'देशाटन' शब्द सुनिरहेका पाठकलाई अर्को नयाँ कोसेली आएको छ -'श्रमाटन' । 'श्रम'को अर्थ 'मेहनत' वा जीविकाका लागि काम वा गर्नु हो भने 'अटन'को अर्थ घुम्नु-फिर्नु । त्यसैले रोजगारीका लागि बाहिरिनु अर्थमा 'श्रमाटन'लाई लिन सकिन्छ । वैदेशिक रोजगारीमा गएर घर फर्किसकेका तनहुँका बिएन जोशीले आफूले सोका दौरान भोगेको अनुभवलाई लिएर सोही 'श्रमाटन' (साङ्गिला पुस्तक प्रालि, काठमाडौं २०७७) शीर्षकमा पुस्तक नै तयार पारेका छन् । जसको अंग्रेजी अनुवाद (अनुवादक अरुण बुढाथोकी) पनि निराला प्रकाशन, नयाँ दिल्ली (२०२३) ले बजारमा ल्याइसकेको छ ।

नेपालीहरूका वैदेशिक रोजगारीका कथा मिडियाले दैनिकजसो बजारमा ल्याइरहेको छ । प्रायः हरेक दिन नै श्रमिक, तिनका परिवार, रोजगारदाता संस्था, सरकारका वैदेशिक रोजगार विभाग, बोर्डसँग सम्बन्धित समाचार, आलेख सञ्चारमाध्यममा आइरहेका हुन्छन्, जुन मिडियाका समाचारदाताले तिनै स्रोतसम्म पुगेर लेखेका हुन्छन् । 'श्रमाटन' भने लेखक स्वयम्‌को वैदेशिक रोजगारी यात्रा विवरण हो, जुन कुनै वरिष्ठ नियात्रा साहित्यकारको लेखनीसँग दाँज्न सकिन्छ ।


एसएलसी दिएपछि गाउँले दाजुहरूकै साथ भारत पुगेका जोशीपछि राजधानी बसेर कतार, थाइल्यान्ड, फिलिपिन्स, संयुक्त अरब इमिरेट्स, चीन, पाकिस्तान, सिङ्गापुर, टर्की, बेलायत, जर्जियालगायत देशसम्म पनि पुगेर वैदेशिक श्रम र यात्राको अनुभव लिए । तीमध्ये अघिल्ला पाँच देशमा वैध, अवैधरूपमा गरिएका विभिन्न यात्राका क्रममा भोगेका विषयलाई यस कृतिमा मसिनोसँग प्रस्तुत गरेर लेखकले बेरोजगारीको पीडाबाट आक्रान्त तथा गरिबीको दुष्चक्रमा उम्कन चाहने युवाहरूको प्रतिनिधित्व गरेका छन् । 'पुनर्जीवन' र 'सफर' गरी मूल अध्यायमा समेटिएका उनको वैदेशिक रोजगारीको अनुभवको सार हो, मुलुकमा साँच्चै विकास र समृद्धि ल्याउने हो भने युवाहरूको विदेश पलायन गराउने परिस्थिति वा बाध्यताको अब अन्त्य हुनुपर्छ ।

मोरङ, सुनसरी र तनहुँका साथीहरूसँग दुई महिने प्रवेशाज्ञामा फर्किने टिकट पनि लिएर थाइल्यान्डको बैंकक पुगेका लेखक उनीहरूसँगै नेपाली र 'बर्मेली दलाल'मार्फत मलेसियाको सीमापार हुने नयाँ योजनामा फस्न पुग्छन् ।

> थाइल्यान्डको बैंकक पुगेका लेखक नेपाली र 'बर्मेली दलाल'मार्फत मलेसियाको सीमापार हुने नयाँ योजनामा फस्न पुग्छन् । बैंककदेखि मलेसिया सीमाको लामो यात्रा विवरणमा भोगेको कहर नै प्रस्तुत पुस्तकको मूल भाग बनेको छ ।

बैंककदेखि मलेसिया सीमाको लामो यात्रा विवरणमा भोगेको कहर नै प्रस्तुत पुस्तकको मूल भाग हो । जसको सूक्ष्म वर्णन गर्न सक्नु लेखकको अपूर्व कला हो । रातको अँधेरीमा चुपचाप दलालका मान्छे पछ्याउँदै डुङ्गाको यात्रा र पछि ओर्लिएर भोकभोकै, तिर्खाउँदै जङ्गल र हिलो बाटो, जङ्गली जनावर, बिच्छी, सर्प, जुका, विश्वयुद्धका नेपाली सैनिकहरूले भोगेभन्दा कम छैन ।

अध्यागमन प्रहरीले गिरफ्तार गरेर कारागारमा राख्दा अर्धनग्न शरीर बोकेर आफ्ना पुस्तक, टिकट जोगाउनुपरेको तथा पैसा चाहिँ टुथपेस्टभित्र कोचेर बिताएका दिनको पनि गणना छैन । प्रहरीबाट नै थाइल्यान्ड फर्काइँदा बाटामा पर्ने समुद्रको भेलमा पौडेर बल्ल-बल्ल अर्को डुङ्गाका यात्रीहरूबाट ज्यान बचाउन सकेको जस्ता अनगिन्ती दुःखको पनि त्यस्तै बेजोड वर्णन छ ।




जोशीले कतारको एक कम्पनीले सम्झौतानुरूप नेपालीहरूलाई पारिश्रमिक नदिँदा गुनासो र आक्रोश पोख्दा तथा निलो फिल्मको भिडियो चक्काका कारण कारागारमा परेको, युएईमा आफ्नै साथीहरू कुस्ती खेलेको र मरुभूमिमा विदेशीका सुकुटी (लास) देखेको, बैंककबाट नेपाल फर्कंदा मदिरा पिउँदा जहाजमै डेढ लाख सकेको, युएईमै किर्गिस्तानबाट आएर यौनशोषणमा परेकी डिना सुलोभालाई आफ्नो डेरामा ल्याएर उद्धार गरेको, बैंकक फर्केपछि एउटी किशोरीसँग हिमचिम भएको जस्ता घटना पनि लेखकले छोटा छोटा शीर्षकमा उल्लेख गरेका छन् ।

वैदेशिक रोजगारीमै इराक पुगेका १२ नेपालीको वि.सं. २०६१ भदौ १५ गते आतंककारीबाट हत्या भई नेपालमा भदौ १६ मा भएको दंगाको पनि लेखक साक्षी बनेका रहेछन् । सोही घटनापछि आफ्नै माहिला भाइ गोविन्द कतारमा गाडी हाँक्ने काममा गएको तर, सद्दे हालतमै राती सुतेर भोलिपल्ट बेहोसावस्थामै दिवङ्गत भई उनको सुकुटी शरीर नेपाल फकाईएको जस्तो 'जीवनको त केही भर नहुने' मार्मिक घटना पनि जोशीले व्यहोर्नुपरेको रहेछ ।

पचासदेखि साठीको दशकको सुरुदेखि 'श्रमाटन' गरेका लेखकले थाइल्यान्ड-मलेसिया यात्रा र गोविन्दको निधनको विषय सिधा सीधै लेखे पनि अन्य विवरण भने 'फ्ल्यासब्याक' (पूर्वदृश्य, पुराना घटनालाई अघि राख्ने) शैलीमा भएकाले झट्ट बुझ्न भने अलि कठिन नै पर्छ । कुनै विषय त कुन देशको हो भन्ने पनि ठम्याउन गाह्रो छ । केही अर्थ नलाग्ने तथा एकका ठाउँमा अर्का शब्द, शब्दावली जस्तै 'उत्मात', थिचोरेर (हुनुपर्ने चिथोरेर), छन्को (हुनुपर्ने छनक), बाकटी (हुनुपर्ने बाँकटे) परेका छन् भने कतै वर्णविन्यासगत र कतै व्याकरणगत अशुद्धि पनि छन् । 'घाम उदाउँदा र जून अस्ताउँदासम्म पनि निरन्तर चलिरहेको' यो 'विदेश पलायनको लहर' वा 'यस्तो यात्रा' 'कहिले रोकिएला' भन्दै चिन्ता व्यक्त गरेर 'श्रमाटक' जोशीले राज्यलाई त झकझक्याएका छन्, यहीँ रहेका युवाहरूलाई पनि वैदेशिक रोजगारीको कहर सुनाएर स्वदेशमै श्रम पोख्न अप्रत्यक्ष रूपमा आह्वान गरेका छन् । यसर्थमा पनि प्रस्तुत कृति मूल्यवान् मानिनुपर्छ जसको अङ्ग्रेजी संस्करण पनि स्तुत्य छ ।

## तपाईको राशिफल

**मेष** : जीवनसाथीसँग राम्रो सम्बन्ध राख्नुहोला । धेरै व्यस्तता रहनेछ ।

**वृष** : सामाजिक कार्यमा समय खर्च हुनेछ । नयाँ योजना बन्नेछ ।

**मिथुन** : रिसले गर्दा काम खराब हुने योग छ ।

**कर्कट** : हतारमा फैसला गर्नु हुँदैन । निवेशको लागि राम्रो समय छ ।

**सिंह** : स्वास्थ्य राम्रो रहनेछ । यात्रा सफल हुनेछ ।

**कन्या** : नयाँ काम हुने योग छ । सन्तुलित आहार लिनु होला ।

**तुला** : कार्य सफल हुनेछ । खर्च बढी हुनेछ ।

**वृश्चिक** : सबै कार्यमा धैर्य राख्नुहोला । पैतृक सम्पत्ति प्राप्तिको योग छ ।

**धनु** : मुद्दा मामिलामा सफलता र पुरानो रुकावट समाप्त हुनेछन् ।

**मकर** : खर्चमाथि नियन्त्रण राख्नुहोला । अचल सम्पत्तिमा वृद्धिको योग छ ।

**कुम्भ** : अनावश्यक विवादको योग छ । सबै कार्यमा धैर्य राख्नुपर्छ ।

**मीन** : विधार्थीहरुको लागि समय राम्रो छ । सम्बन्धहरुमा सुधार हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# दार्चुलाको सीमा क्षेत्रमा नेपाली नागरिक र भारतीय प्रहरीबीच ढुंगा हानाहान

**दिपक बाबु साउँद/मध्यान्ह**
दार्चुला, २९ वैशाख



दार्चुलास्थित नेपाल-भारत सीमा क्षेत्रमा नेपाली नागरिक र भारतीय प्रहरीबीच विवाद भएको छ । महाकाली नदी किनारमा भारतले निर्माण गरिरहेको पक्की तटबन्धको विषयलाई लिएर विवाद हुँदा नेपाली नागरिक र भारतीय प्रहरीबीच ढुंगा हानाहान भएको हो ।

महाकाली नगरपालिका-१ का स्थानीय र भारतीय प्रहरीबीच सीमाको विषयलाई लिएर विवाद बढेपछि ढुंगा हानाहानसम्मको स्थिति सिर्जना भएको दार्चुला प्रहरीले जानकारी दिएको छ ।

भारतीय पक्षले महाकाली नगरपालिका-४ बंगाबगरको पारी खोतिला क्षेत्रस्थित नदी किनारमा पक्की तटबन्ध निर्माण गरिरहेको छ । तटबन्ध निर्माणको क्रममा भारतीय पक्षले महाकाली नदीको नेपालतर्फको सीमामा आएर निर्माण सामग्री निकाल्ने क्रममा नेपाली नागरिकले रोक्न खोज्दा ढुंगा हानाहान भएको बुझिएको छ ।

भारतीय पक्षले महाकाली नदीको धार परिवर्तन हुने गरी गरिरहेको गतिविधि रोक्न नेपाली नागरिकले शुरुमा आग्रह गरेका थिए । नेपाली नागरिकले गरेको आग्रहको बेवास्ता गर्दै भारतीय प्रहरीले कामलाई निरन्तरता दिएको स्थानीयले मध्यान्हलाई बताएका छन् । 'मैले भारतीय पक्षलाई काम तत्काल रोक्न र आफ्नै भू-भागमा गएर काम गर्न भनें, भारतीय पक्षले काम नरोक्ने चेतावनी दिएपछि ढुंगा हानाहानको अवस्था सिर्जना भएको हो,' एक स्थानीयले मध्यान्हलाई बताए । महाकाली नगरपालिका-१ का स्थानीयले भारतीय दादागिरी सहन नसकेपछि शुरुमा आफूले नै ढुंगा हानेको बताए ।

नेपाली नागरिकले ढुंगा हानेपछि भारतीय प्रहरीले पनि नेपाली नागरिकमाथि ढुंगा हानेका थिए । केहीबेर चलेको ढुंगा हानाहान नेपाली सुरक्षाकर्मी आएपछि साम्य भएको थियो ।

दार्चुलाका प्रमुख जिल्ला अधिकारी किरण जोशीले सो विषय अहिले साम्य भएको तथा तनावपूर्ण स्थिति नभएको बताए । सीमा क्षेत्रमा ढुंगा हानाहान भएपछि नेपाल-भारत जोड्ने झोलुंगे पुलमा नेपालीको चेकजाँचमा कडाइ गरिएको बताइएको छ ।

# गुरुको चितामा चेलाले त्यागे प्राण



**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, २९ वैशाख

गुरुलाई दाहसंस्कार गर्दा चेलाले चित्तामा हामफालेर ज्यान दिएको घटना सामाजिक सञ्जालमा भाइरल भइरहेको छ । सिरहाको बरियारपट्टि गाउँपालिका वडा नं. ३ गरगम्मा र भारत विहार राज्यको मधुवनी जिल्लामा पर्ने लक्ष्मीनियाँ गाउँको बीचमा पर्ने नेपाल-भारत सीमा क्षेत्रमा एक साधुको अन्तिम संस्कार गरिरहँदा उनको चेलाले चितामा हामफालेर आफ्नो प्राण त्यागेका छन् ।

सिरहाको बरियारपट्टी गाउँपालिकाको गरगम्मा र धनुषाको सबैला नगरपालिका-९ कोल्हुवामोड घर भई लामो समयदेखि सिरहाको सुखीपुर नगरपालिका-२ को छजना टोलको हनुमान मन्दिरमा बस्दै आएका १ सय २२ वर्षीय साधु विष्णु दासको गत सोमबार निधन भयो ।

दासको दाहसंस्कार भइरहँदा त्यही चितामा हाम फालेर भारतीय गाउँ लक्ष्मीनियाँका ५५ वर्षीय रामचन्द्र महतोले आत्मदाह गरेका हुन् । स्थानीयका अनुसार महतो साधु दासको चेला थिए । उनी लामो समयदेखि साधुसँगै बस्दै आएका थिए । मलामीहरुले खुट्टामा तानेर बचाउने प्रयास गरे पनि दनदनी बलेको आगोबाट उनलाई बाहिर निकाल्न सकेनन् ।

यसबारे भने नेपाल प्रहरी अनभिज्ञ छ । निधन भएका साधुको दाहसंस्कार भारतीय भूमिमा गरिएकोले शिष्यले चितामै आत्मदाह गरेको घटनाको रेकर्ड नराखिएको सिरहा प्रहरीले जनाएको छ ।

# रौतहटमा एक हजार बढी बोरा युरिया मल बरामद

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २९ वैशाख



जिल्लाको राजपुर नगरपालिका वडा नं न ५ बाट प्रहरीले ठूलो मात्रामा तस्करी गरी भण्डारण गरिएको युरिया मल बरामद गरेको छ ।

भारतबाट अवैधरुपमा ल्याएर विभिन्न स्थानमा लुकाइछिपाइ राखेको अवस्थामा विशेष सुराकीको अधारमा एक हजारभन्दा बढी बोरा युरिया मल बरामद गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी निरीक्षक दिनेश कुँवरले जानकारी दिए । शुक्रबार राजपुर नगरपालिका-५ स्थित स्कुल चोकका विभिन्न स्थानमा लुकाइछिपाइ राखिएको अवस्थामा युरिया मल बरामद गरिएको उनले बताए । यता बरामद गरिएको युरिया मल आवश्यक कारबाहीका लागि भन्सार कार्यलयमा लैजाने तयारी हुँदा स्थानीयले विरोध गरेका थिए । प्रहरीले बरामद गरेको मललाई भन्सार नपठाउन स्थानीयले ढुंगामुढा गरी सडकमा टायर बालेर विरोध प्रदर्शन गरेको प्रत्यक्षदर्शीले बताएका छन् ।


## अजयमेरु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा
सुदुरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित सूचना : २०८०/०१/२९ गते)**

यस कार्यालयबाट Balkalyan Ma.Vi. Girl's Hostel construction. ठेक्का नं. ARM/NCB/W– 06/2079/2080 का लागी बोलपत्र आह्वान गरी मिति २०७९/१२/१२ गते प्रकाशित सूचना अनुसार तोकिएको अबधिभित्र रितपूर्वक दरखास्त परेका बोलपत्र खोल्न गठीत मिति: २०८०/०१/२४ गतेको समितिले बोलपत्रदाता एवं आमन्त्रित पदाधिकारीहरुको रोहवरमा खोली मूल्यांकन समितिमा पेश भई मूल्यांकन समितिले उक्त बोलपत्रहरुको परिक्षण र मूल्यांकन गरी पेश गरेको प्रतिबेदनको आधारमा तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृतको लागि छनौट गर्ने निर्णय गरीएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशित गरीएको व्यहोरा अनुरोध छ ।

| बोलपत्र नं | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | बोलपत्रको बिबरण | कवोल अंक रु (मु.अ.कर बाहेक) | कैफीयत |
|---|---|---|---|---|
| ARM/NCB/W–06/2079/2080 | New PS Builders Ajayameru 1, Dadeldhura. | Balkalyan Ma.Vi. Girl's Hostel construction. | १८,२५,४९७। | |

नि. प्रमुख प्रशासकीय अधिकृत

## श्री सरस्वती नमुना माध्यमिक विद्यालय
भागेश्वर ३, बोगटा डडेल्धुरा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८०/०१/३०**

यस विद्यालयबाट तपशिलमा उल्लेखित निर्माण कार्यका लागि मिति २०७९/१२/१५ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिका तथा PPMO को E Procurement Portal मार्फत प्रकाशित सूचना अनूसार तोकिएको समयभित्र पेश हून आएका बोलपत्रहरुमध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोहि ऐनको दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपशिल:**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाता | कबोल रकम (भ्याट बाहेक) |
|---|---|---|---|---|
| 1 | SMS/BRM/NCB/Works/01 | Construction of Academic Building | Bihani Nirman Sewa JV, Beldandi-2, Kanchanpur | १,७१,९७,८४५।६५ |

प्रधानाध्यापक

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
## स्वास्थ्य निर्देशनालय
## जिल्ला अस्पताल संखुवासभा
खाँदबारी, कोशी प्रदेश नेपाल

### शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**(दोश्रो पटक प्रकाशित मिति : २०८०/०१/३० गते)**

जिल्ला अस्पताल संखुवासभामा आ.व. २०७९/८० को लागि आवश्यक पर्ने निम्न उपकरण खरिदका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ (क३) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ (१क) बमोजिम शिलबन्दी दरभाउपत्र आव्हानका लागि प्रचलित ऐन बमोजिम योग्यता पुगेका ईच्छुक सम्बन्धित उपकरण उत्पादक वा बिक्रेताहरुको लागि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा रु १,०००/- को दरभाउपत्र फारम खरिद गरी शिलबन्दी प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | खरिद गर्नुपर्ने सामानको नाम | संख्या | स्पेसिफिकेशन | लागत अनुमान रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| 3/079/80 | Fully Automated Biochemistry Analyzer Machine | १ थान | तोकिए बमोजिम । | 29,90,000/- Inclusive of all taxes applicable in Nepal | 60,000/- | आवश्यक जानकारीका लागि फोन नं. 029562187 |

निमित्त मेडिकल सुपरिटेन्डेन्ट



## MALAYSIA मा रोजगारको अवसर | कम्पनी : MURNI MEGA RESOURCES SDN.BHD
शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०४/२२ चलानी नं.: ६०१८४६९७ LT. No.:268848 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Service Sector | 207 | 0 | स. काममा दक्ष | 1500 | ४४,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा मिति २०८० जेठ ६ गते (20 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ९२२/०६७/०६८
**Liberty H.R. Consultant Pvt. Ltd.**
Mahalaxmisthan-15, lalitpur, Nepal, Tel.: 5191561 | 5191560
Email- info@libertyhrconsultant.com | Web.: www.libertyhrconsultant.com

## साउदीमा रोजगार | कम्पनी : BARBER PIONEERS HADAR FOR MEN'S SHAVING
शहर: RIYADH

पुर्व स्वीकृत मिति: २०८०/०१/२९ चलानी नं.: ६०२०१३४० L.T. No.:285898

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barber | 1 | 0 | स. काममा दक्ष | 1500 | ५२,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० जेठ ६ गते (20 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल रायन इन्टरप्राइजेज प्रा. लि.** श्रम इजाजत नं. ४१६/०६०/०६१
पो.ब.नं. ५०९१, अनामनगर, काठमाडौं, नेपाल, फोन: ४७७१०१३
मो: ९८५१०६०१८५, Email: alryannepal@gmail.com

## मलेसियामा रोजगारको अवसर | कम्पनी: MEGAXIT SDN BHD
शहर: SELANGOR

पूर्व स्वीकृत मिति: २०७९/१२/२१ चलानी नं.: ६०१९९३८३ LT. No.: 283939 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Krew Restaurant | 50 | 0 | स. काममा दक्ष | 1500 | ४४,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा जेठ ६ गते (20 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

AL HAYA H.R. SOLUTION PVT. LTD. Gov. Lic No. 1092/073/074
**Al Haya H.R. Solution Pvt. Ltd.**
P.O.Box: 19232, Shantinagar-34, Kathmandu, Tel: 01-4620879
Mob.: 9813590560,. Email: alhaya.md@gmail.com, Web.: www.alhayahr.com

## कुवेतमा रोजगार | कम्पनी: AYS INTERNATIONAL GENERAL TRADING CO.WLL
शहर: KUWAIT

पूर्व स्वीकृत मिति:२०८०/०१/२९ चलानी नं.: ६०२०१३२९ LT. No.: 285862

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 10 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५७,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Wall Painter | 1 | 0 | | 135 | ५७,७०४ | | | | | | | |
| 3. | Gypsum Board Carpenter | 1 | 0 | | 135 | ५७,७०४ | | | | | | | |
| 4. | Labor Outdoor | 2 | 0 | | 100 | ४२,७४४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ ६ गते (20 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ३७३/०५९/०६०
**BAIBHAV OVERSEAS PVT. LTD.**
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), काठमाडौं । फोन: ०१-४१०६२६४, ४१०६२६५
मोबाइल नं. ९८२३२५४८७७, ९७४५९४२०८७ Email: baibhav.ovs@gmail.com

## मलेसियामा रोजगार | १. कम्पनी: UNIPLASTER INDUSTRIES SDN.BHD.
शहर: JALAN

पुर्व स्वीकृत मिति:२०८०/०१/२८ चलानी नं.: ६०२०१३१३ L.T. No.: 285632

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४४,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: GUPPY PLASTIC INDUSTRIES SDN. BHD. शहर: MALAYSIA
पुर्व स्वीकृत मिति:२०८०/०१/२८ चलानी नं.: ६०२०१३१२ L.T. No.: 285413

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 75 | 0 | स. काममा दक्ष | 1500 | ४४,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० जेठ ६ गते (20 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 11/044/045
**PEACE INTERNATIONAL PVT. LTD.**
Pingalastha-9 Gaushala, Kathmandu, Tel.: 015913706/015913707, Fax: 4113708
Email: ipe pce.intlovs@yahoo.com, Web.: www.peaceintl.com.np

# डोल्पा–नेपालगञ्ज बस सेवा उद्घाटन




**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, २९ वैशाख

हिमाली जिल्ला डोल्पादेखि नेपालगञ्जसम्म सिधा बस सेवा सञ्चालन शुरू गरिएको छ । शुक्रबार सदरमुकाम दुनैमा जिल्ला समन्वय समितिका उपप्रमुख तेजेन्द्र बुढाले डोल्पादेखि नेपालगञ्जसम्म सञ्चालन हुने बस सेवाको उद्घाटन गरेका हुन् ।

डोल्पा-नेपालगञ्ज बस सेवा सञ्चालन भएसँगै डोल्पावासीको लामो समयदेखिको मनोकांक्षा पूरा भएको छ । बस सेवा शुरु भएसँगै डोल्पामा भेरि राप्ती सार्वजनिक यातायात प्रा.लि. र नमस्ते सगरमाथा यातायात प्रा.लि.ले संयुक्त टिकट बुकिङ काउन्टर समेत खोलेका छन् । यो दुई वटा यातायात प्रा.लि.ले अब डोल्पादेखि नेपालगञ्जसम्मका लागि दैनिक एउटा बस छुटाउने छन् ।

डोल्पादेखि नेपालगञ्जसम्म रात्रि सेवा विस्तारका लागि भने बृहत छलफल गरेपछि टुंग्याइने ठुली भेरि नगरपालीका ३ का वडा अध्यक्ष भक्तबहादुर भण्डारीले मध्यान्हलाई जानकारी दिए ।

डोल्पालीको सहजताका लागि सदरमुकाम दुनैमा मुख्य टिकट काउन्टर र त्रिपुराकोट बगर बजारमा शाखा टिकट काउन्टर खोलिने भएको छ ।

बस सेवा सञ्चालनमा आएसँगै चर्को मूल्य तिरेर जिप चढ्न बाध्य भएका डोल्पावासीले अब भने काम मूल्यमा नै यात्रा गर्न पाउने भएका छन् । भाडादरका लागि भने यही जेठ १ गते छलफल हुने बताइएको छ ।

बस सेवा उद्घाटन कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख बुढा, ठुली भेरि ३ का वडा अध्यक्ष भण्डारी, स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, सञ्चारकर्मीसहित जिल्लास्थित सुरक्षा निकायको उपस्थिति रहेको थियो ।

# पातारासीका तीन वडा पूर्ण खोप सुनिश्चित वडा घोषित



**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, २९ वैशाख

जुम्लाको पातारासीका तीन वटा वडालाई पूर्ण खोप सुनिश्चित वडा घोषणा गरिएको छ। पातारासी गाउँपालिकाभित्रका ७ वडामध्ये तीन वडालाई पूर्ण खोप सुनिश्चित वडा घोषणा गरिएको हो ।

पालिकाभित्रका १, २ र ३ नम्बर वडा पूर्ण खोप सुनिश्चित वडा घोषणा गरिएको जनस्वास्थ्य कार्यालय जुम्लाले जाएको छ। पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा भएपनि शून्यदेखि २३ महिनाभित्रका बालबालिकाले पूर्ण खोप पाए नपाएको सुनिश्चित गर्नका लागि हरेक वर्ष खोप सुनिश्चित परीक्षण गर्नुपर्ने व्यवस्था रहेको पातारासी गाउँपालिका स्वास्थ्य शाखा संयोजक रतन बुढ्थापाले जानकारी दिए ।

खोपबाट विभिन्न किसिमका रोगबाट बचिने भएकाले हरेक बालबालिकालाई नछुटाई खोप लगाउनुपर्ने हुन्छ । खोप नेपाल सरकारले निःशुल्क व्यवस्था गरेको छ । कुनै पनि खोप लगाउने उमेर समूहका बालबालिका खोपबाट वञ्चित हुन नहुने मान्यताका साथ छुमचौरी स्वास्थ्य चौकीमा शून्यदेखि १५ महिनाभित्रका ४६ जना बालबालिकालाई पूर्ण खोप लगाइएको छ । यस्तै १६ देखि २३ महिनाभित्रका ८६ जना बालबालिकालाई पूर्ण खोप लगाइएको छ । पातरासीमा शून्यदेखि १५ महिनासम्मका ३६ जना र १६ देखि २३ महिनासम्मका २९ जना बालबालिकालाई पूर्ण खोप लगाइएको छ। तल्फीमा शून्यदेखि १५ महिना उमेर समूहका ९६ जना र १५ देखि २३ महिना उमेर समूहका ३४ जना बालबालिकालाई पूर्ण खोप लगाइएको स्वास्थ्य शाखा संयोजक बुढ्थापाले बताए ।

अहिले बालबालिकाको खोप छुटाउनु हुन्न भन्ने नीति भएकाले वडाभित्र रहेका सबै बालबालिकाले अनिवार्य खोप लगाउने गरेको उनले बताए। पालिकभित्रका सबै वडाका बालबालिकाले पूर्ण खोप लगाएको पइएमा पालिकालाई पूर्ण खोप सुनिश्चित घोषणा गरिने उनको भनाइ छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०३/३० मा दर्ता भएको **प्रा.लि. नं. २१८७४५** को **एक्सन ईन्फिनिटी नेपाल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०१/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**गोलिया काठको शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८०।०१।३० गते)**

**श्री दक्षिणकाली महिला सामुदायिक वन उपभोक्ता समूह,** परशुराम न.पा.-१२, कैनपानी, डडेल्धुराले व्यवस्थापन गर्दै आइरहेको वनजंगल क्षेत्रबाट आ.व. २०७८/०७९ मा उत्पादन भई परशुराम न.पा.-१२, कैनपानी, डडेल्धुरामा घाटगद्दी गरी राखिएको साल जातको A ग्रेडको ३ थान गोलिया काठ ७२.३८ क्यु.फि., B ग्रेडको २४ थान गोलिया काठ ४३०.७७ क्यु.फि. र C ग्रेडको ९ थान गोलिया काठ ५४.२९ क्यु.फि. जम्मा थान ३६ गोलिया ५५७.४४ क्यु.फि. काठ, जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक सुचिकृत स:मिल, भेनियर तथा प्लाइउड काष्ठ उद्योगले यो सूचना मध्यान्ह राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिन कार्यालय समयभित्र बोलपत्र खरीद गरी २२ औं दिन मध्यान्ह १२:०० बजेभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री दक्षिणकाली महिला सामुदायिक वन उपभोक्ता समूह,**
**परशुराम न.पा.-१२, कैनपानी, डडेल्धुरा**

# इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि.

# Infinity Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त संस्था)
केन्द्रीय कार्यालय गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
फोन नं.: ०७८-५०३३०१, इमेल: info@infinitylbsl.com.np

## Interim Financial Statements

### Condensed Statement of Financial Position
### As on Quarter ended 30th Chaitra 2079

Amount (NPR)

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and cash equivalent | 142,690,732 | 253,859,885 |
| Statutory Balances and due from Nepal Rastra Bank | 24,317 | 710,819 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loan and advances to MFIs & Cooperatives | - | - |
| Loans and Advances to Customers | 4,714,644,825 | 4,894,959,783 |
| Investment Securities | 1,000,000 | 1,000,000 |
| Current Tax Assets | 22,397,534 | 12,311,206 |
| Investment Property | - | - |
| Property and Equipment | 88,923,485 | 100,704,432 |
| Goodwill and Intangible Assets | 7,607,586 | 6,979,970 |
| Deferred Tax Assets | 9,566,547 | 8,386,422 |
| Other Assets | 89,295,666 | 11,368,835 |
| **Total Assets** | **5,076,150,692** | **5,290,281,352** |
| **Liabilities** | | |
| Due to Bank and Financial Instituions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 1,406,449,112 | 1,420,940,569 |
| Borrowing | 2,729,765,803 | 2,913,847,899 |
| Current Tax Liabilities | - | - |
| Provisions | - | 34,563,067 |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 262,910,497 | 269,427,458 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total liabilities** | **4,399,125,412** | **4,638,778,993** |
| **Equity** | | |
| Share Capital | 497,415,942 | 414,513,285 |
| Share Premium | - | - |
| Retained Earnings | 12,180,038 | 83,555,876 |
| Reserves | 167,429,300 | 153,433,198 |
| **Total Equity** | **677,025,280** | **651,502,359** |
| **Total Liabilities and Equity** | **5,076,150,692** | **5,290,281,352** |

### Condensed Statement of Profit & Loss
### For the Quarter ended 30th Chaitra 2079

Amount (NPR)

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Interest Income | 160,105,332 | 546,448,907 | 164,259,212 | 480,420,512 |
| Interest Expense | 119,770,306 | 353,362,545 | 84,378,068 | 225,706,279 |
| **Net Interest Income** | **40,335,026** | **193,086,361** | **79,881,144** | **254,714,233** |
| Fee and Commission Income | 15,006,090 | 74,508,427 | 27,832,796 | 75,596,685 |
| Fee and Commission Expense | - | - | - | - |
| **Net Fee and Commission Income** | **15,006,090** | **74,508,427** | **27,832,796** | **75,596,685** |
| **Net Interest, Fees and Commission Income** | **55,341,116** | **267,594,788** | **107,713,940** | **330,310,918** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | - | - | - | - |
| **Total Operating Income** | **55,341,116** | **267,594,788** | **107,713,940** | **330,310,918** |
| Impairment Charge/(reversal) for Loans and Other Losses | 32,401,764 | 56,583,406 | (3,259,120) | (11,181,750) |
| **Net operating income** | **22,939,352** | **211,011,382** | **110,973,060** | **341,492,668** |
| **Operating Expense** | **62,178,001** | **191,536,786** | **59,997,810** | **172,414,728** |
| Personnel Expenses | 44,632,391 | 138,143,037 | 43,306,860 | 129,382,549 |
| Other Operating Expenses | 12,689,138 | 38,543,469 | 15,451,988 | 39,544,728 |
| Depreciation & Amortization | 4,856,472 | 14,850,281 | 1,238,963 | 3,487,450 |
| **Operating Profit** | **(39,238,649)** | **19,474,596** | **50,975,250** | **169,077,940** |
| Non-Operating Income | - | - | - | - |
| Non-Operating Expense | - | - | - | - |
| **Profit before Income Tax** | **(39,238,649)** | **19,474,596** | **50,975,250** | **169,077,940** |
| Income Tax Expense | | | | |
| Current Tax | (11,771,595) | 5,842,379 | 15,292,575 | 50,723,382 |
| Deferred Tax | (189,191) | (189,191) | - | - |
| **Profit for the Period** | **(27,277,863)** | **13,821,408** | **35,682,675** | **118,354,558** |
| **Condensed Statement of Comprehensive Income** | | | | |
| Profit for the period | (27,277,863) | 13,821,408 | **35,682,675** | 118,354,558 |
| Other Comprehensive Income | | | | |
| **Total comprehensive income for the period** | **(27,277,863)** | **13,821,408** | **35,682,675** | **118,354,558** |
| **Earnings per share** | | | | |
| Basic earnings per share | (7.31) | 3.70 | 9.56 | 31.73 |
| Annualized Basic Earnings Per Share | (7.31) | 3.70 | 9.56 | 31.73 |
| Diluted earnings per share | (7.31) | 3.70 | 9.56 | 31.73 |

### Statement Of Distributable Profit or Loss
### For the Quarter ended 30th Chaitra 2079

| | Current Year Upto This Qtr (YTD) | Previous Year Corresponding Qtr YTD |
|---|---|---|
| **Net profit or (loss) as per statement of profit or loss** | **13,821,408** | **118,354,558** |
| **Appropriation:** | - | - |
| a. General reserve | 2,764,282 | 23,670,912 |
| b. Foreign exchange fluctuation fund | - | - |
| c. Capital redemption reserve | - | - |
| d. Corporate social responsibility fund | 138,214 | 1,183,546 |
| e. Employees' training fund | - | - |
| f. Client Protection Fund | 138,214 | 1,183,546 |
| g. Other | - | - |
| **Profit or (loss) before regulatory adjustment** | **10,780,698** | **92,316,555** |
| **Regulatory adjustment :** | **10,255,149** | **8,386,422** |
| a. Interest receivable (-)/previous accrued interest received (+) | 9,075,024 | - |
| b. Short loan loss provision in accounts (-)/reversal (+) | - | - |
| c. Short provision for possible losses on investment (-)/reversal (+) | - | - |
| d. Short loan loss provision on Non Banking Assets (-)/resersal (+) | - | - |
| e. Deferred tax assets recognised (-)/ reversal (+) | 1,180,125 | 8,386,422 |
| f. Goodwill recognised (-)/ impairment of Goodwill (+) | - | - |
| g. Bargain purchase gain recognised (-)/resersal (+) | - | - |
| h. Actuarial loss recognised (-)/reversal (+) | - | - |
| i. Other | - | - |
| **Net Profit for the Third Qtr end 2079/80 available for distirubtion** | **525,549** | **83,930,133** |
| **Opening Retained Earning as on Shrawan 1 2079** | **83,555,876** | **110,660,080** |
| Adjustment (+/-) | 11,001,269 | - |
| Distribution: | - | - |
| Bonus shares issued | (82,902,657) | (73,170,957) |
| Cash Dividend Paid | - | (3,851,103) |
| **Total Distributable profit or (loss) as on Qtr end date** | **12,180,038** | **83,555,876** |
| Annualised Distributable Profit/Loss per share | 3.26 | 26.88 |

### Ratio as per NRB Directives

| Particulars | Current Year | | Previous Year | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Capital Fund to RWA | - | 12.14% | - | 12.63% |
| Non Performing Loan (NPL) to Total Loan | - | 14.04% | - | 3.69% |
| Total Loan Loss Provision to Total NPL | - | 17.26% | - | 31.73% |
| Cost of Funds | - | 11.01% | - | 9.03% |
| Credit to Deposit & Borrowing Ratio | - | 116.82% | - | 115.54% |
| Base Rate | - | 17.84% | - | 13.56% |
| Interest rate spread | - | 3.99% | - | 5.97% |

| Interest Rate | |
|---|---|
| **1. Deposits : 7.5% - 10%** | **2. Loan & Advance : 15%** |

**Notes to Interim Financial Statement:**

1. The above figures are subject to change upon regulator's instruction and/or statutory auditors.
2. The detail interim financial report has been published in the website.
3. The Microfinance has applied alternative treatment in the crave out issued by the Institute of Chartered Accounts of Nepal with respect to the Impairment of Loans & Advances.
4. Personnel expenses include the Provision for Employee Bonus.
5. Loans & Advances are presented net of Impairment charges.
6. Acturial Valuation has been done on annual basis for Employee Benefit.
7. The difference in profit as per the NFRS and GAAP has been transferred to Regulatory Reserve.
8. Previous period figures are regrouped/ rearranged/ restated wherever necessary for consistent presentation and comparision.

**धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

## आ.व. २०७९/८० को तेस्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

**(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :** :चालु आ.व. २०७९/८० को तेस्रो त्रयमासको अपरिष्कृत वित्तीय विवरणहरु वासलात, नाफा नोक्सान हिसाब, वितरणयोग्य मुनाफा र सो सँग सम्बन्धित वित्तीय परिसूचकहरु यसै साथ प्रकाशित गरिएको छ । जसलाई वित्तीय संस्थाको वेबसाइट https://infinitylbsl.com.np मा पनि राखिएको छ ।

**(ख) प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी (वार्षिक) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात | पूँजीकोष अनुपात |
|---|---|---|---|---|---|
| रु. ३.७० | २२१.०६ | रु. १३६.११ | रु. १०२०.५० | ९.३६% | १२.१४% |

**२. व्यवस्थापकीय विश्लेषण :**

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण:** वित्तीय बजारमा देखिएको लगानी योग्य रकमको अभाव, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा सापटीको बढ्दो दोहोरो अंकको ब्याजदर, निष्कृय कर्जा बृद्धि सँगै बृद्धि भएको कर्जा नोक्सानी व्यवस्था लगायत वर्तमान समयमा लघुवित्त संस्था विरुद्ध देखिएको अराजकताका कारण बचत तथा कर्जा संकलनमा कमी आएको कारण यस आ.व. को तेस्रो त्रैमासिक अवधिमा अपेक्षित मुनाफामा कमी आएको छ ।

**(ख) आगामी वर्षको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले आफ्नो व्यवसायलाई प्रबर्द्धन गर्ने क्रममा ९१ वटा शाखा कार्यालयमार्फत ९९,३५५ विपन्न परिवारलाई लघुवित्त सेवा प्रदान गर्दै आएको छ । यस वित्तीय संस्थाद्धारा समुहमा आबद्ध आफ्ना सदस्यहरुलाई विभिन्न शाखा कार्यालयहरु मार्फत कृषिसंग सम्बन्धीत व्यवसायिक तरकारी तथा पशुपालन तालिम प्रदान गर्दै आएको छ । साथै संस्थाले ग्राहक, ग्राहकका घरपरिवार लगायत समाजमा रहेका विभिन्न वर्गहरुलाई समय समयमा वित्तीय साक्षरता सम्बन्धी ज्ञान अभिवृद्धि गर्ने कार्यक्रमहरु गर्दै आएको छ । वित्तीय संस्थाका सेवा तथा सुविधाहरुलाई प्रविधिमैत्री र वित्तीय पहुँच अभिवृद्धि गर्ने उद्देश्य र ग्राहकहरुलाई छिटो, छरितो, सहज, पारदर्शी, विश्वसनिय र न्युन लागतमा सेवा प्रवाह गर्न नवीनतम प्रविधिको डिजिटल माध्यमहरु Mobile Banking, E sewa, Khalti, IME Pay, SMS Alert को प्रयोग गरेको छ र निकटतम भविष्यमा NCHL मार्फत पनि कारोबार गर्न सकिने गरी आधुनिक बैंकिङ प्रणालीको प्रयोगमा अझ विस्तार गर्दै लैजाने योजना रहेको छ । नयाँ क्षेत्रमा कार्यक्रम विस्तारका साथै वित्तीय सेवामा पहुँच नपुगेको क्षेत्रमा शाखा विस्तार गरी विपन्न तथा पिछडिएका समुदायलाई वित्तीय सेवा प्रदान गर्ने कार्य योजना अनुरुप कार्यक्रम अघि बढाईएको छ । संस्थाले ग्राहकको आवश्यकतामा आधारित रहि विभिन्न खालका योजना सहितको सेवा सुबिधाहरुमा प्रभावकारी रुपमा परिस्कृत गर्दै लैजान व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ ।

**(ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** लघुवित्त संस्थाहरु बीच देखिएको कर्जाको दोहोरोपना, अस्वस्थ्य प्रतिस्पर्धा, लघुवित्त विरुद्ध संघर्ष समितीको क्रियाशिलताका कारण बचत तथा कर्जा असुलीमा समस्या पर्न गइ खराब कर्जाको वृद्धिदर साथै कर्जा नोक्सानी व्यवस्थामा भएको वृद्धि, बाह्य वातावरणीय प्रभावको कारण ग्राहकहरुमा कर्जाको किस्ता भुक्तानीमा परेको समस्या, लगानी योग्य रकमको अभाव, स्रोतको अपर्याप्तता र परनिर्भरता, कर्जा/सापटीको ब्याजदरमा उच्च बृद्धिका कारण संस्थालाई पर्ने प्रभावलाई व्यवस्थापन गर्न व्यवस्थापन पक्षले आफ्नो उच्च व्यवस्थापकीय कौशलता प्रयोग गर्न र उपयुक्त समयमा उचित निर्णय लिन प्रतिबद्ध रहेको छ ।

**३. कानुनी कारवाही सम्बन्धी व्यवस्था :**

